समता नीति-पत्र १०

दोस्रो संस्करण, २०७७

# सङ्घ, प्रदेश र स्थानीय तह निर्वाचनमा दलित

॥ समता फाउण्डेशन ॥
SAMATA foundation

© समता नीति-पत्र १०

**दोस्रो संस्करण**
२०७७

*लेखन तथा सम्पादन*
अर्जुन विश्वकर्मा
गोपाल नेपाली
सविता कोइराला
सुनिता परियार
प्रकाश नेपाली
पुनम मोहते
रवि सेन्चुरी
अर्चना महर्जन

*अवधारणा तथा परिकल्पना*
प्रदिप परियार

॥ समता फाउण्डेशन ॥
SAMATA foundation
सानेपा, ललितपुर, नेपाल
फोन : ९७७-१-५९०५७१६/५९०५७१७
**E-mail:** info@samatafoundation.org
**website:** www.samatafoundation.org

यस नीति-पत्रको प्रकाशनको लागि नेसनल इन्डोमेन्ट फर डेमोक्रेसी (NED) ले आर्थिक सहयोग गरेको छ । यस नीति-पत्रमा व्यक्त विचार, विश्लेषण र निष्कर्षमा आर्थिक सहयोग दिने संस्थाको सहमति अनिवार्य छैन ।

# संस्थाको तर्फबाट

नेपाली राज्य सत्ता यसको उत्पत्तिकालदेखि नै उत्पीडनकारी, विभेदी र असमावेशी रहँदै आयो । दलितहरूले देश जति नै आफ्नो भने तापनि राज्यमा उनीहरूको अपनत्व हुनै सकेन । बहिष्करणको यो दुष्चक्रको मारमा सबैभन्दा बढि दलित समुदाय पर्दैआएका छन् । नेपालमा विभिन्न समयमा सम्पन्न भएका निर्वाचनहरूमा पछाडि पारिएका वर्ग, जाति र समुदायको राजनैतिक प्रतिनिधित्व सुनिश्चित नगरिएको कारण राज्य शासन प्रणालीमा उनीहरूको सहभागिता हुनसकेन । यसको मुख्य कारण भनेको दलित लगायतका समुदायको हकका निम्ति संवैधानिक व्यवस्था नहुनु र सोही अनुकूलको निर्वाचन प्रणाली बन्न नसक्नु नै हो । फलस्वरूप दलित समुदाय राज्य व्यवस्था सञ्चालन तथा नीति निर्माण गर्ने तहमा राजनैतिक प्रतिनिधित्व एवम सहभागी हुनबाट वञ्चित रहँदै आएको छ ।

यद्यपि, पछिल्लो दशकमा जनताबाट भएका महत्त्पूर्ण सङ्घर्षहरू खासगरी दश वर्षे माओवादी जनयुद्ध, ०६२/०६३ सालको जनआन्दोलन, मधेस विद्रोह र विभिन्न समयमा भएका दलित आन्दोलनपश्चात नेपाली राजनीतिक परिदृश्यमा उल्लेखनीय परिवर्तन देखा पऱ्यो । त्यसमा धर्मनिरपेक्षता, समावेशिता, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था र मिश्रित निर्वाचन प्रणाली जस्ता सवालहरू संस्थागत गरियो र संविधान निर्माणको लागि संविधान सभाको गठन गर्ने व्यवस्था भयो । त्यसपपछि सम्पन्न भएका संविधान सभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको थियो । जसले गर्दा, पहिलो र दोस्रो गरी दुई वटा संविधानसभाको निर्वाचनमा दलित समुदायका तर्फबाट क्रमशः ५० र ४० जना सभासदहरू निर्वाचित भएका थिए ।

अर्को कुरा पनि जगजाहेर नै छ कि नेपालको संविधान २०७२ को प्रस्तावना, धारा ४, धारा ३८(४), ४०(१) र धारा ४२ लगायत राज्यको निर्देशक सिद्धान्त समेतमा समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गर्ने कुरा उल्लेख गरिएको

छ । यसकै जगमा टेकेर मुलुकमा २०७४ सालमा पहिलो ऐतिहासिक निर्वाचन सम्पन्न भयो । त्यसमा सङ्घीय संरचनाअन्तर्गत राष्ट्रपति तथा उपराष्ट्रपति र त्यसपछि संघ, प्रदेश, स्थानीय तहको चरणबद्ध रूपमा निर्वाचन सम्पन्न गरिएको छ । जसका कारण ७५३ स्थानीय तह र ७ वटै प्रदेशमा प्रदेश सरकार गठन भयो । त्यस्तै, केन्द्रमा शक्तिशाली सरकार स्थापना भएको थियो ।

यसै सन्दर्भमा, इन्द्रेणी समावेशी भन्ने गरिए झैं संविधानको भावनाअनुरूप समानुपातिक समावेशी तस्बिर तीनवटै तहहरू- सङ्घ, प्रदेश सभा र स्थानीय स्तरको निर्वाचन परिणाममा आउन सक्यो कि सकेन, अन्वेषण गर्न जरूरी थियो । त्यसैले, ती तथ्यहरूको खोजी गर्दै विश्लेषण गर्नुका साथै स्थानीय स्तरका दलित जनप्रतिनिधिहरूका अनुभव, समस्या र चुनौति उजागर गर्ने उद्देश्यले २०७५ सालमा पहिलो संस्करणको रूपमा 'सङ्घ, प्रदेश र स्थानीय तह निर्वाचनमा दलित' नीति-पत्र प्रकाशन गरिएको थियो ।

अहिले दोस्रो संस्करणको रूपमा प्रकाशित हुन गइरहेको यस नीति-पत्रमा थप केही परिमार्जन सहित "स्थानीय तहका कार्यपालिकामा दलितको प्रतिनिधित्व" खण्ड थपिएको छ । जसअन्तर्गत तीनवटै तहअन्तर्गतका जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाका कार्यपालिकामा दलित समुदायको उपस्थितिबारे चर्चा गरिएको छ ।

नीति-पत्रले दलित समुदायसम्बन्धी संविधानमा भएका व्यवस्था तथा ऐन, नियम तथा निर्देशिकामा उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार निकायलाई उत्तरदायी र जवाफदेही बनाउने तथा आगामी दिनमा दलित समुदायको राज्य शासन प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चितताको निम्ति सङ्घर्ष, छलफल र बहसमा अवश्य पनि थप मद्दत पुग्ने छ भन्ने विश्वास गरिएको छ ।

अन्त्यमा, नीति-पत्रको दोस्रो संस्करण निम्ति अर्जुन विश्वकर्मा, गोपाल नेपाली, सविता कोइराला, सुनिता परियार, प्रकाश नेपाली, पुनम मोहते, रवि सेन्चुरी र अर्चना महर्जनलाई हार्दिक धन्यवाद । त्यसैगरी, नीति-पत्र डिजाइन गर्ने ध्रुव बस्नेत तथा व्यवस्थापनका लागि प्रबन्ध निर्देशक उज्वल सुन्दासप्रति आभार व्यक्त गर्दछु ।

**प्रदिप परियार**
कार्यकारी अध्यक्ष

# विषय सूची


| | |
|---|---|
| परिचय | ७ |
| २०७४ को निर्वाचन परिणाम विश्लेषण | १३ |
| स्थानीय तहका कार्यपालिकामा दलितको प्रतिनिधित्व | ३५ |
| स्थानीय तहका जनप्रतिनिधिहरूको अनुभव, समस्या र चुनौती | ५७ |
| निष्कर्ष | ७५ |
| सन्दर्भ सामग्री | ८० |
| **परिशिष्ट–१ :** राष्ट्रिय सभा, २०७४ मा दलित समुदायको उपस्थिति | ८२ |
| **परिशिष्ट–२ :** प्रदेश सभा, २०७४ मा दलित समुदायको उपस्थिति | ८३ |

# परिचय

राजनीति मूल नीति भएकोले राज्य सञ्चालनमा यसको प्रमुख भूमिका रहन्छ । राजनीतिको निश्चित कार्यदिशा र मापदण्डबमोजिम बनेको संविधान तथा कानूनअनुसार राज्य सञ्चालन भएको हुन्छ । तसर्थ, राज्य सञ्चालनमा राजनैतिक सहभागिता तथा प्रतिनिधित्वको महत्त्वपूर्ण भूमिका रहन्छ । नेपालको राजनैतिक इतिहासको अध्ययन गर्दा २००७ सालभन्दा अगाडि विभिन्न प्रकारका विभेदकारी थिति, सनद, नीति तथा कानूनहरू बनाई नेपालका दलित लगायत अन्य सीमान्तकृत समुदायलाई राज्यको शासन सञ्चालनमा सहभागी हुने हक अधिकारबाट वञ्चितीकरण गरिंदै आएको देखिन्छ ।

२०४७ सालको राजनैतिक परिवर्तन भन्दा अगाडि नेपालको शासन व्यवस्था लोकतान्त्रिक मूल्य मान्यता (सहभागिता तथा प्रतिनिधित्व) विपरीत एकलौटीरूपमा केही निश्चित जाति, वर्ग तथा समुदायका व्यक्तिहरूमा पुस्तान्तरण हुँदैआएको अवस्था कायमै रहेको देखिन्छ । उक्त समयमा जारी गरिएका संविधानहरू नेपाल सरकारको वैधानिक कानून २००४, नेपालको अन्तरिम संविधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपाल अधिराज्यको संविधान २०१९ मा दलित तथा सीमान्तकृत समुदायको राजनैतिक सहभागिता तथा प्रतिनिधित्वको विषयमा कुनै व्यवस्था नै गरिएको थिएन ।

२०४६ सालमा भएको जनआन्दोलन र त्यसपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ मा आंशिक रूपमा समानुपातिक प्रतिनिधित्वलाई संस्थागत गरिएको देखिन्छ । उक्त संविधानको धारा ४६ (ख) अनुसार ६० सदस्यीय राष्ट्रिय सभाको गठन हुँदा कम्तीमा तीन जना महिलासहित पैंतीस जना सदस्यहरू प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम एकल सङ्क्रमणीय मतको आधारमा निर्वाचित हुने व्यवस्था गरिएको थियो । उक्त व्यवस्थाले महिलाहरूको

प्रतिनिधित्वलाई साङ्केतिक रूपमा स्वीकार्यता जनाएको भए तापनि दलितलगायत अन्य सीमान्तकृत समुदायको हकमा बाध्यकारी रूपमा व्यवस्था गरिएको थिएन ।

नेपालमा विभिन्न समयमा सम्पन्न भएका निर्वाचनहरू– प्रतिनिधि सभा निर्वाचन २०१५, राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन २०३८, राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन २०४३, प्रतिनिधि सभा निर्वाचन २०४८, प्रतिनिधि सभा निर्वाचन २०५१, प्रतिनिधि सभा निर्वाचन २०५६, स्थानीय पञ्चायत निर्वाचन २०३९, स्थानीय पञ्चायत निर्वाचन २०४४, स्थानीय निकाय निर्वाचन २०४९ र स्थानीय निकाय निर्वाचन २०५४ मा दलित समुदायको राजनैतिक सहभागिता तथा प्रतिनिधित्व न्यून रहेको देखिन्छ । सबै वर्ग समुदायको राजनैतिक सहभागिता तथा प्रतिनिधित्वलाई सुनिश्चितता गर्ने संवैधानिक तथा कानूनी प्रावधान र सोही अनूकुलको निर्वाचन प्रणाली नभएको कारण राज्य व्यवस्था सञ्चालन तथा नीति निर्माण तहमा दलित समुदायको राजनैतिक सहभागिता तथा प्रतिनिधित्व न्यून रहेको हो ।

२०१५ सालमा भएको आम निर्वाचनदेखि प्रतिनिधि सभा निर्वाचन २०५६ सम्मको दलित समुदायको राजनैतिक प्रतिनिधित्वको अवस्थालाई हेर्दा, २०१५ सालको निर्वाचनमा राजाले मनोनित गर्ने कोटामा सहर्षनाथ कपालीलाई सांसद बनाईएको थियो । पञ्चायत कालमा डि.एम.परियार, हरकुमार सिंह, हिरालाल विश्वकर्मा, टि.आर. विश्वकर्मा र टेक बहादुर विश्वकर्मा गरी जम्मा ५ जना व्यक्तिहरूलाई तत्कालीन राष्ट्रिय पञ्चायत सदस्यमा मनोनित गरिएको देखिन्छ । त्यसैगरी, २०४८, २०५१ र २०५६ सालमा सम्पन्न भएका आम निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत बाँके जिल्लाबाट कृष्णसिंह परियार प्रतिनिधि सभा निर्वाचनमा विजयी भएका थिए तर २०५१ साल र २०५६ सालमा सम्पन्न निर्वाचनहरूमा दलितको प्रतिनिधित्व शून्य थियो । संवैधानिक तथा कानूनी व्यवस्थाको अभाव हुँदा पनि राजा तथा राजनैतिक दलको स्वविवेकमा राष्ट्रिय सभामा मनबहादुर विश्वकर्मा, गोल्चे सार्की, दलसिंह कामी, रत्नबहादुर विश्वकर्मा र विजुल विश्वकर्मा मनोनित भएका थिए ।

नेपालमा दश वर्षे माओवादी जनयुद्ध र ०६२/०६३ सालको जनआन्दोलनका कारण महत्त्वपूर्ण राजनैतिक परिवर्तन भएको थियो । फलस्वरूप परिरवर्तित व्यवस्था अनुसार राजतन्त्रात्मक व्यवस्थालाई खारेज गरी सङ्घीयता, समावेशिता र लोकतान्त्रिक गणतन्त्र जस्ता महत्त्वपूर्ण व्यवस्थाहरूलाई संस्थागत गरिएको थियो । त्यसपछि बनेको अन्तरिम संविधान २०६३ ले धर्मनिरपेक्षता, समावेशिता, सङ्घीय

लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था र मिश्रित निर्वाचन प्रणालीलाई संस्थागत गर्दै जनपक्षीय संविधान निर्माणको लागि संविधान सभाको गठन गर्ने व्यवस्था गरेको थियो ।

२०६४ सालमा भएको संविधानसभा निर्वाचनमा २४० निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट र सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी (समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत ६० प्रतिशत र प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत ४० प्रतिशत) समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत ३३५ जना सदस्य तथा २६ जना मनोनित गरी जम्मा ६०१ जनाको संविधानसभा गठन भयो । यसरी मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको कारण समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत पहिलो (२०६४) र दोस्रो (२०७०) संविधानसभाको निर्वाचनमा दलित समुदायका तर्फबाट क्रमशः ५० र ४० जना सभासदहरू निर्वाचित हुन सम्भव भयो ।

वर्तमान संविधानको प्रस्तावना तथा राज्यको निर्देशक सिद्धान्तमा नेपालको शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्ने तथा धारा ४ मा नेपाल समावेशी राज्य हुने उल्लेख छ । संविधानको धारा ३८(४) र ४०(१)मा महिला र दलित समुदायलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिताको हक हुने व्यवस्था रहेको छ । त्यसैगरी, संविधानको धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खसआर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

यसका साथै, संविधानको धारा ८४ मा प्रतिनिधि सभाको गठन गर्दा जम्मा सङ्ख्या २७५ मध्ये ६० प्रतिशत (१६५ सदस्य) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र ४० प्रतिशत (११० सदस्य) समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित गर्ने व्यवस्था छ तर यो व्यवस्था नेपालको संविधान २०७२ मा उल्लेखित समानुपातिक समावेशिताको सिद्धान्तसँग मेल खाएको देखिँदैन । संविधानको धारा ८६ अनुसार राष्ट्रिय सभाको गठन गरिंदा जम्मा ५९ सदस्यमध्ये प्रत्येक प्रदेशबाट कम्तीमा एक जना दलित सदस्य निर्वाचित गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै

धारा ७६(९) मा समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने संवैधानिक व्यवस्था छ । संविधानको धारा १७६ अनुसार प्रदेश सभाको गठन हुँदा प्रदेश सभाका जम्मा सदस्य सङ्ख्या ५५० मध्ये साठी प्रतिशत (३३० जना) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम र चालिस प्रतिशत (२२० जना) समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित गर्नुपर्ने व्यवस्था छ ।

त्यसैगरी, समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उमेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुनेगरी भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्ने व्यवस्था छ । यसका अलावा राजदूत वा विशेष प्रतिनिधि नियुक्ति गर्दा र संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गर्नुपर्ने संवैधानिक व्यवस्था छ । संविधानको धारा १६८(९) अनुसार प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था रहेको छ ।

अर्कोतर्फ, संविधानको धारा २१४ देखि २२० सम्म स्थानीय कार्यपालिका र २२१ देखि २२७ सम्म स्थानीय व्यवस्थापिका गठनसम्बन्धी व्यवस्थामा स्थानीय तहअन्तर्गत विभिन्न सभा र समितिहरू रहने उल्लेख छ, जहाँ स्थानीय सभा तथा समितिहरूमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वलाई स्वीकार गरिएको छ । त्यसैगरी, स्थानीय तहमा कार्यपालिकाको रूपमा नगरकार्यपालिका र गाउँ कार्यपालिकाको गठन हुने संवैधानिक व्यवस्थाअनुरूप नगरकार्यपालिका र गाउँकार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट क्रमशः ३ जना र २ जना सदस्यहरू निर्वाचित गर्नु पर्ने व्यवस्था उल्लेख छ । त्यस्तै जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाको निर्वाचन सम्पन्न भएपछि सो जिल्लाको जिल्लासभा र जिल्ला समन्वय समिति गठन हुनुपर्ने व्यवस्था छ, जसमा जिल्लासभामा जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाका सबै प्रमुख, उप-प्रमुख, अध्यक्ष र उपाध्यक्ष रहन्छन् । त्यसपछि जिल्लासभाले न्यूनतम छ देखि बढीमा नौ सदस्यीय जिल्ला समन्वय समितिको निर्वाचन गर्ने कानूनी प्रावधान रहेको छ । जसअनुसार जिल्ला समन्वय समितिमा

एक प्रमुख, एक उप-प्रमुख, तीन जना महिला सदस्यहरूमा दलित र अल्पसङ्ख्यक समुदायबाट एक र अन्य तीन सदस्यहरू रहने व्यवस्था छ ।

संविधानमा उल्लेखित राजनैतिक प्रतिनिधित्व तथा सहभागितासम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्नका लागि विभिन्न प्रकारका निर्वाचनसम्बन्धी कानून, निर्देशिका तथा आचार संहिताहरू जारी गरिएका छन् । निर्वाचनसम्बन्धी कार्य गर्नको लागि संवैधानिक निर्वाचन आयोग क्रियाशील छ । राजनीतिक दलसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४ को दफा ६ मा दलको सदस्यता प्राप्त गर्न नेपालका नागरिकलाई धर्म, जात, जाति, सम्प्रदाय, भाषा वा लिङ्गको आधारमा वञ्चित नगरिने, वञ्चित गरेको वा विभेद गरेको देखिएमा दल दर्ता नहुने व्यवस्था रहेको छ । त्यस्तै, दफा १५ मा राजनैतिक दलको विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी आफ्ना सदस्यहरू मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु पर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

यसैगरी, प्रतिनिधि सभाका सदस्य र राष्ट्रिय सभाका सदस्यको चुनावको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ र प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन (चौथो संशोधन) निर्देशिका, २०७४ कार्यान्वयनमा रहेका छन् । उल्लेखित ऐनहरूमा जम्मा सदस्य सङ्ख्यामध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत ६० प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत ४० प्रतिशत निर्वाचित हुने व्यवस्था गरिएको छ । निर्देशिकाको निर्देशन नं.१३(१) अनुसार राजनैतिक दलले समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनको लागि उम्मेदवार मनोनयन गर्दा दलित समुदायको लागि १३.८ प्रतिशत सुनिश्चित हुने गरी गर्नुपर्ने उल्लेखित छ । सो १३.८ प्रतिशतभित्र कम्तीमा पचास प्रतिशत महिला, कम्तीमा ४.३ प्रतिशत पिछडिएको क्षेत्रका उमेदवार र अपाङ्गता भएका व्यक्तिको नाम समेत समावेश गर्नु पर्ने उल्लेख छ ।

यसका साथै, प्रदेश सभा सदस्य निर्वाचनको लागि प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली, २०७४ र प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ कार्यान्वयनमा रहेका छन् । निर्देशिकाको दफा १३ मा समावेशी सिद्धान्तअनुसार उम्मेदवारको बन्दसूची पेश गर्नु पर्ने व्यवस्था छ । निर्देशिकाको अनुसूची १५ मा दलित समुदायको प्रादेशिक जनसङ्ख्या अनुसार समावेशी हुने आधार तय गरिएको छ ।

यसैगरी, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६ मा अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उप-प्रमुख र वडा अध्यक्षको निर्वाचनमा गोप्य मतदान पक्रियाद्वारा **एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली** अपनाइने व्यवस्था रहेको छ । त्यस्तै, वडा समितिमा एकजना दलित महिला सहित दुई महिला वडा सदस्य र दुई वडा सदस्यको निर्वाचनमा गोप्य मतदानको प्रक्रियाद्वारा प्रत्येक सदस्यको लागि दिइने एक-एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने दुई-दुई जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइने व्यवस्था गरिएको छ । तर स्थानीय तहमा पनि संविधानको भावनाअनुरूप समानुपातिक समावेशी सिद्धान्त अनुसारको निर्वाचन प्रणाली अवलम्बन गरिएको देखिँदैन ।

नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्ष राष्ट्र भएको कारण त्यहाँ उल्लेखित कानूनी व्यवस्थाहरूलाई पालना गर्नुपर्ने हुन्छ । विशेषगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २५ मा स्वतन्त्र रूपमा निर्वाचनमा भाग लिन पाउने तथा समान रूपमा सार्वजनिक सेवाको पहुँच प्राप्त गर्न पाउने अधिकारको विषयमा उल्लेख छ । यद्यपि माथि उल्लेख गरिएका अभ्यासलाई हेर्दा संविधानको मूल मर्म तथा अन्तराष्ट्रिय सन्धि र सम्झौतामा रहेका व्यवस्थाअनुसार कार्यान्वयनको प्रक्रियाको गतिले दलित तथा सीमान्तकृत जाति र समुदायलाई विश्वास गर्ने बलियो आधार दिन सकेको छैन ।

# २०७४ को निर्वाचन परिणाम विश्लेषण

नेपाल सङ्‌घीयतामा प्रवेश गरेपछि २०७४ सालमा पहिलो ऐतिहासिक निर्वाचन सम्पन्न गऱ्यो । सङ्‌घीय संरचनाअन्तर्गत राष्ट्रपति तथा उपराष्ट्रपति र त्यसपछि संघ, प्रदेश, स्थानीय तहको चरणबद्ध रूपमा निर्वाचन सम्पन्न गरेको छ । जसका कारण ७५३ स्थानीय तह र ७ वटै प्रदेशमा प्रदेश सरकार गठन भयो भने मुलुकले शक्तिशाली सरकार पाउन सक्यो ।

निर्वाचनमा सात प्रदेशका ७७ वटा जिल्लाअन्तर्गत प्रतिनिधि सभामा जम्मा १६५ र प्रदेश सभामा जम्मा ३३० निर्वाचन क्षेत्र कायम गरिएको थियो । जसमा प्रतिनिधि सभातर्फ समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित सदस्य ११० गरी जम्मा २७५ र प्रदेश सभामा २२० गरी जम्मा ५५० जनाको प्रतिनिधित्व भएको छ । त्यसैगरी, राष्ट्रिय सभामा निर्वाचित ५९ जना सदस्य गरी संघ र प्रदेश दुबै तहमा कुल ८८४ जना सदस्य निर्वाचित भएका छन् । यसरी ७५३ स्थानीय तहमा कुल ३४०३५ जना निर्वाचित हुन सफल भएका छन् ।

यो नीतिपत्रमा दुई चरणमा सम्पन्न भएका सङ्‌घीय प्रदेश र स्थानीय तहका निर्वाचनमा दलित समुदायको प्रतिनिधित्व कस्तो रह्‍यो भन्ने विषय केन्द्रित रहेको छ । राज्यले भने जस्तै समानुपातिक समावेशीका चित्र मूलतः तीनवटै तहहरू– प्रतिनिधि सभा तथा राष्ट्रिय सभा, प्रदेश सभा र स्थानीय स्तरको निर्वाचन परिणाममा आउन सक्यो सकेन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## केन्द्रमा खसआर्यकै वर्चस्व

प्रतिनिधि सभामा निर्वाचित भएका कुल २७५ जना सदस्यहरूमध्ये प्रत्यक्षतर्फ १६५ जना र समामानुपातिकतर्फ ११० निर्वाचित भएका छन् । निर्वाचन आयोगले

प्रतिनिधि सभामा समावेशी समूह[१] को क्लस्टरहरूबाट जनसङ्ख्याको आधारमा तोकिएबमोजिम प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था गरेको छ । निर्वाचन परिणाम हेर्दा सोअनुसार सबै समावेशी समूहबाट भएको समानुपातिक प्रतिनिधत्व सकारात्मक रहेको देखिन्छ । तर प्रत्यक्षतर्फ हेर्ने हो भने दलित समुदायको प्रतिनिधित्व निराशाजनक छ (तालिका १) । किनकि, प्रत्यक्षमा जम्मा ३ जनाको प्रतिनिधित्व भएको छ, जो प्रत्यक्षतर्फ निर्वाचित कुल सख्याको २ प्रतिशत मात्रै हो । यो भनेको जनसङ्ख्याको अनुपातमा दलितको प्रतिनिधित्व अन्य समूह भन्दा निकै कम हो । दलितपछि कम प्रतिनिधित्व गर्नेमा मुस्लिम र थारु छन् । प्रत्यक्षतर्फ सबैभन्दा बढी खसआर्य छन्, उनीहरूको प्रतिनिधित्व ५०.३ प्रतिशत रहेको छ । खसआर्यपछि जनसङ्ख्याको अनुपातमा प्रत्यक्षतर्फ धेरै प्रतिनिधित्व हुनेमा मधेसीको छ, त्यसपछि जनजातिको रहेको छ ।

१ निर्वाचन आयोगका अनुसार समावेशी समूहअन्तर्गत महिला, खसआर्य, आदिवासी–जनजाति, दलित, मधेसी, थारु, मुस्लिम तथा पिछडिएको क्षेत्र पर्दछन् ।

**तालिका नं. १ : प्रतिनिधि सभाका लागि भएको व्यवस्था र दलित प्रतिनिधित्व ।**

| क्र.सं. | जातीय कलस्टर | जनसङ्ख्या प्रतिशत | कुल प्रतिनिधित्व सङ्ख्या | | | प्रतिनिधित्व | | | हुनु पर्ने प्रतिनिधित्व | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रत्यक्ष | समानुपातिक | जम्मा | प्रत्यक्ष | समानुपातिक | जम्मा | | |
| १ | दलित | १३.८ | १६५ | ११० | २७५ | ३ (२%) | १६ (१४.५%) | १९(७%) | ३८ जना | - प्रत्यक्षतर्फ ३ (३ जना पहाडी पुरुष)<br>- समानुपातिकतर्फ १६ (१३ जना महिला र ३ जना पुरुष)<br>१३ जना महिलामध्ये मधेसी दलितबाट १ जना महिला |
| २ | आदिवासी-जनजाति | २८.७ | १६५ | ११० | २७५ | ३५ (२१.२%) | ३१ (२८.१%) | ६६(२४%) | ७९ जना | |
| ३ | खसआर्य | ३१.२ | १६५ | ११० | २७५ | ८३ (५०.३%) | ३३ (३०%) | ११६(४२%) | ८६ जना | |
| ४ | मधेसी | १५.३ | १६५ | ११० | २७५ | ३३ (२०%) | १७ (१५.४%) | ५०(१८%) | ४२ जना | |
| ५ | थारु | ६.६ | १६५ | ११० | २७५ | ८ (४.८%) | ७ (६.३%) | १५(६%) | १८ जना | |
| ६ | मुस्लिम | ४.४ | १६५ | ११० | २७५ | ३ (२%) | ६(५.४%) | ९(३%) | १२ जना | |
| ७ | पिछडिएको क्षेत्र | ४.३ | | | | | | | | |

**स्रोत** : फ्याक्ट एण्ड फिगर, सन् २०१७ र निर्वाचन परिणाम पुस्तक, २०७४ ।

यसरी प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक गरी निर्धारण गरिएको कुल सङ्ख्यामा जम्मा १९ जना दलित विजयी भएका छन्, जो कुल सङ्ख्याको ७ प्रतिशतमात्रै हो ।

जनसङ्ख्याको आधारमा दलित समुदायको प्रतिनिधित्व ३८ जना हुनु पर्ने हो तर हुन सकेको छैन । जनसाङ्ख्यिक अनुपातमा दलित समुदायको प्रतिनिधित्व ५० प्रतिशतले कम भएको छ । त्यसकारण प्रत्यक्षतर्फ दलित तथा अन्य सीमान्तकृत समूहहरू किन अपेक्षाकृत निर्वाचित हुन सकेनन्, आगामी दिनमा प्रत्यक्षतर्फ उनीहरूको प्रतिनिधित्वलाई कसरी सुरक्षित गर्न सकिन्छ, यसबारे बहस गरिन जरुरी छ । जबसम्म कुल परिणाममा संविधानको मूल भावनाअनुरूप समानुपातिक प्रतिनिधित्वको तस्बिर देखिँदैन, तबसम्म राजनीतिक दलहरूले समानुपातिकतर्फ मात्रै कोटा पुऱ्याएर आफ्नो जिम्मेवारी पूरा भएको ठान्ने भूल गरिनु हुँदैन ।

प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने कुल ९०(३३%) जना महिलाहरूमध्ये ८४(७६%) जना समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचन भएका हुन् भने प्रत्यक्षतर्फ ३.६ प्रतिशतमात्रै छन् । समानुपातिकतर्फ दलित महिलाको प्रतिनिधित्व १३ (१२%) जनामात्रै रहेको रहेको छ भने प्रत्यक्षतर्फ दलित महिलाको प्रतिनिधित्व शून्य छ । अन्य समूहको प्रतिनिधित्वको अवस्था तल चित्रमा दिइएको छ ।

**चित्र नं १ : प्रतिनिधि सभामा प्रतिनिधित्व गरेका दलित र अन्य जाति**




**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४

यसैगरी, राष्ट्रिय सभामा जम्मा ५९ जना सदस्यमा ७ जना दलित सदस्य छन् । जसमध्ये पहाडी दलित पुरुष ५ जना र मधेसी दलित पुरुष २ जना छन् । राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ ले राष्ट्रिय सभामा एक प्रदेशबाट एक जना दलित अनिवार्य प्रतिनिधित्व हुनुपर्ने व्यवस्था सकारात्मक छ । यद्यपि, दलहरूले चाहेको भए मनोनित गरी थप गरिएका तीनजना सदस्यमध्ये दलितको प्रतिनिधित्व हुन सक्थ्यो तर त्यसो हुन सकेन ।

## प्रदेश सभामा दलितको उपस्थिति

### प्रदेश नं. १

यस प्रदेशमा प्रत्यक्षतर्फ ५६ जना र समानुपातिकतर्फ ३७ जना गरी जम्मा ९३ जनाको प्रतिनिधित्व रहेको छ । जसमध्ये पुरुष ६१(६६%) र महिला ३२ (३४%) जना रहेका छन् । यो प्रदेशमा दलितको जनसङ्ख्या १०.०६ प्रतिशत रहेको छ । सबै भन्दा बढि जनसख्या आदिवासी-जनजातिको छ, उनीहरू यस प्रदेशमा ४६.७९ प्रतिशत छन् ।[२]

**तालिका २ : सातवटा प्रदेशको जातीय जनसङ्ख्याको अवस्था**

| जातीय क्लस्टर | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूर प. प्रदेश |
|---|---|---|---|---|---|---|---|
| आदिवासी-जनजाति | ४६.७९ | ६.६१ | ५३.१७ | ४२.३७ | १९.५८ | १३.६३ | ३.६१ |
| खसआर्य | २७.८४ | ४.८९ | ३७.०९ | ३७.२४ | २८.८४ | ६२.०२ | ६०.०२ |
| थारु | ४.१५ | ५.२७ | १.६६ | १.७२ | १५.१८ | ०.१५ | १७.२१ |
| दलित | १०.०६ | १७.२९ | ५.८४ | १७.४४ | १५.११ | २३.२५ | १७.२९ |
| मधेसी | ७.५७ | ५४.३६ | १.५७ | ०.५२ | १४.३५ | ०.२४ | १.६४ |
| मुस्लिम | ३.५९ | ११.५८ | ०.६७ | ०.७१ | ६.९४ | ०.१८ | ०.२३ |
| अल्पसङ्ख्यक | १७.५३ | २५.१७ | ७.७७ | ६.०२ | ८.४८ | १.४७ | २.३७ |
| पछि परेका क्षेत्र |  | २.११ | १.०० | ०.०८ | १.१७ | ३२.४ | १२.७८ |

**स्रोत** : फ्याक्ट एण्ड फिगर, निर्वाचन आयोग, सन् २०१७ ।

२ निर्वाचन आयोगले प्रदेस सभाका लागि समावेशी व्यवस्था गरेको छ, जसमा आदिवासी-जनजाति, खसआर्य, दलित, मधेसी, थारु, मूस्लिम, अल्पसङ्ख्यक र पछि परेको क्षेत्रसमेत गरी ८ वटा समावेशी समूह विभाजन गरिएको भए तापनि यो नीति-पत्रमा ६ वटा समावेशी समूहहरू, आदिवासी-जनजाति, खसआर्य, दलित, मधेसी, थारु, मुस्लिमको मात्रै विश्लेषण गरिएको छ ।

यो प्रदेशमा समानुपातिकतर्फ ३ जना दलित महिला निर्वाचित भएका छन्, जो समानुपातिकतर्फ प्रतिनिधित्व गर्ने कुल सङ्ख्याको ८ प्रतिशत हो । यसमध्ये २(२%) जना पहाडी दलित महिला छन्, भने १(१%) जना भने मधेसी दलित महिला छन् । माथिको तथ्याङ्कका आधारमा हेर्दा दलितको प्रतिनिधित्व समानुपातिकतर्फ पनि सुनिश्चित छैन, अर्कोतिर प्रत्यक्षतर्फ दलित समुदायको प्रतिनिधित्व शून्य छ ।

**चित्र नं. २: प्रदेश १ को जातीय प्रतिनिधित्व**




**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४ ।

माथिको तथ्याङ्क अनुसार यस प्रदेशमा आदिवासी–जनजातिको प्रत्यक्ष र समानुपातिकतर्फ गरी ४८ प्रतिशत प्रतिनिधित्व रहेको छ । त्यस्तै, खसआर्यको प्रतिनिधित्व ३६ प्रतिशत देखिन्छ । दलितभन्दा कम जनसङ्ख्या रहेको मधेसीको प्रतिनिधित्व जनसङ्ख्याको हाराहारीमा रहेको छ । वास्तवमा यस प्रदेशमा दलित समुदायको प्रतिनिधित्व जनसङ्ख्याको अनुपात अनुसार ९ जना हुनु पर्नेमा जम्मा ३ जनामात्रै भएको छ । यस तथ्यले के देखाउँछ भने अन्य समुदायलाई बढी प्रतिनिधित्व गराएर दलितको प्रतिनिधित्वलाई घटाइएको छ ।

**तालिका नं. ३: प्रदेश सभामा दलित प्रतिनिधित्वको अवस्था**

| प्रदेश | कुल प्रतिनिधित्व | | | दलितको जनसङ्ख्या (%) | जम्मा दलित प्रतिनिधित्व | | | हुनुपर्ने प्रतिनिधित्व सङ्ख्या | निर्वाचित सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रत्यक्ष | समानुपातिक | जम्मा | | प्रत्यक्ष | समानुपातिक | जम्मा | | |
| १ | ५६ | ३ | ९३ | १०.०६ | ० (०%) | ३ (८%) | ३ (३.२%) | ९ जना | समानुपातिकतर्फ ३ जना महिलामा एक जना मधेसी महिला विजयी |
| २ | ६४ | ४३ | १०७ | १७.२९ | १ (१.५%) | ६ (१४%) | ७ (६.५) | १९ जना | कुल ७ जनामध्ये समानुपालिततर्फ ५ जना मधेसी दलित महिला र १ जना मधेसी पुरूष र प्रत्यक्षतर्फ १ जना पहाडी पुरूष |
| बागमती प्रदेश | ६६ | ४४ | ११० | ५.८४ | ० (०%) | २ (४.५%) | २ (२%) | ६ जना | समानुपातिकतर्फ २ जना पहाडी महिला विजयी |
| गण्डकी प्रदेश | ३६ | २४ | ६० | १७.४४ | ० (०%) | ४ (१७%) | ४ (७%) | १० जना | समानुपातिकतर्फ ३ महिला र १ जना पुरूष |
| लुम्बिनी प्रदेश | ५२ | ३५ | ८७ | १५.१ | ० (०%) | ६ (१७.२%) | ६ (६.९%) | १३ जना | समानुपातिकतर्फ ५ जना पहाडी दलित महिला र १ जना मधेसी दलित महिला |
| कर्णाली प्रदेश | २४ | १६ | ४० | २३.२५ | २ (८.३%) | ३ (१९%) | ५ (१२.५%) | ९ जना | जम्मा ५ जनामा २ जना पुरूष प्रत्यक्षतर्फ र ३ जना महिला समानुपातिकतर्फ |
| सुदूरपश्चिम प्रदेश | ३२ | २१ | ५३ | १७.२९ | १ (३.१%) | ५ (२४%) | ६ (११.३%) | ९ जना | कुल ६ जनामा १ जना पुरूष प्रत्यक्ष र समानुपातिकतर्फ ४ जना महिला र १ जना पुरूष |
| जम्मा | ३३० | २२० | ५५० | | ४ | २९ | ३३ (६ %) | ७५ जना | |

**स्रोतः** फ्याक्ट एण्ड फिगर, निर्वाचन आयोग, सन् २०१७ र निर्वाचन परिणाम पुस्तक, २०७४ ।

## प्रदेश नं. २

यो प्रदेशमा जम्मा १०७ जनाको प्रतिनिधित्व रहेको देखिन्छ, जसमध्ये प्रत्यक्षतर्फ ६४ जना र समानुपातिकतर्फ ४३ जना रहेका छन् । अध्ययन गरिएका समूहअन्तर्गत यो प्रदेशमा दलितको जनसङ्ख्या मधेसीको जनसङ्ख्यापछि दोस्रो (१७.२९%) स्थानमा छ तर दलित समुदायको प्रतिनिधित्व यस प्रदेशमा जम्मा ७ जनामात्रै छ, जुन कुल सङ्ख्याको ६.५ प्रतिशतमात्रै छ । दलितको कुल प्रतिनिधित्वमध्ये समानुपातिकतर्फ ६ जना मधेसी दलित (५ महिला र १ पुरुष) निर्वाचित छन् भने प्रत्यक्षतर्फ १ जना पहाडी दलित पुरुष विजयी छन् ।

प्रदेशमा मधेसीको प्रतिनिधित्व ७४ प्रतिशत रहेको छ, जो जनसङ्ख्याको अनुपातमा १८.६ प्रतिशतले धेरै हो ।[३] प्रदेशमा जनसङ्ख्यामा तेस्रो स्थानमा रहेको मुस्लिमको प्रतिनिधित्व ८ प्रतिशत छ । यसरी प्रदेशमा जनसङ्ख्याको आधारमा दलित समुदायको हुनु पर्ने प्रतिनिधित्व जम्मा १९ जना हो, तर दलितको जनसङ्ख्या प्रदेशमा दोस्रो स्थानमा भए पनि उपस्थिति भने न्यून रहेको छ । तथ्याङ्कको आधारमा प्रत्यक्षतर्फ दलित समुदायको प्रतिनिधित्व निराशाजनक छ नै, समानुपातिकतर्फ पनि समानुपातिक प्रतिनिधित्व हुन सकेको छैन । त्यसकारण चुनावमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, चलखेल हेर्दा यही निर्वाचन प्रणालीअन्तर्गत प्रत्यक्षतर्फ निर्वाचित हुन दलित समुदायलाई थप चुनौती हुने अनुमान लगाउन सकिन्छ । प्रत्यक्षतर्फ दलित समुदायको उपस्थिति घटेर जाने प्रवल सम्भावना छ । त्यसैले संविधानको भावनाअनुसार दलितको प्रतिनिधित्व सुनिश्चित गर्न बहस आवश्यक छ ।

---

३ यो प्रतिनिधित्वमा मधेसी बाहुन-क्षत्रीभित्रका तराई बाह्मण, कायस्थ र राजपुत तथा मधेशमा उच्च जात मानिने अरू जातिकै बाहुल्यता रहेको छ ।

**चित्र नं. ३ः प्रदेश २ को जातीय प्रतिनिधित्व**




**स्रोत** : निर्वाचन आयोग परिणाम पुस्तक, २०७४ ।

## बागमती प्रदेश

यस प्रदेशमा प्रत्यक्षतर्फ ६६ र समानुपातिकतर्फ ४४ गरी कुल ११० जनाको प्रतिनिधित्व रहेको छ । निर्वाचन आयोगका अनुसार प्रदेशमा दलितको जनसङ्ख्या ५.८४ प्रतिशत रहेको छ, जो प्रदेशमा रहेका अन्य जातिको तुलनामा तेस्रो स्थान हो । प्रतिनिधित्व हेर्ने हो भने यहाँ समानुपातिकतर्फ जम्मा २ जना पहाडी दलित महिलामात्रै छन्, जो कुल प्रतिनिधित्वको जम्मा २% प्रतिशत हो ।[४] प्रत्यक्षतर्फ दलितको प्रतिनिधित्व छैन ।

निर्वाचन आयोगको तथ्याङ्कअनुसार यस प्रदेशमा आदिवासी-जनजातिको जनसङ्ख्या सबै भन्दा धेरै छ । प्रदेशमा उनीहरूको प्रतिनिधित्व ४७ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो जनसङ्ख्या रहेको खसआर्यको प्रतिनिधित्व ५० प्रतिशत रहेको छ ।

४ समानुपातिक रूपमा निर्वाचित हुने हकको व्यवस्था विपरीत प्रदेश नं. ३ मा ३ जना सदस्य अनिवार्य गरिएकोमा २ जना सदस्यमात्रै निर्वाचित भएकोले यसविरुद्ध मिति २०७५/४/२० गते सर्वोच्च अदालतमा रिट दर्ता भई विचाराधीन अवस्थामा रहेको छ ।

**चित्र नं. ४: बागमती प्रदेशको जातीय प्रतिनिधित्व**




**स्रोत** : निर्वाचन आयोग परिणाम पुस्तक, २०७४ ।

यस प्रदेशमा जनसङ्ख्या को आधारमा दलित समुदायको प्रतिनिधित्व न्यूनतम ६ जना हुन पर्ने हो तर उनीहरूको उपस्थिति अत्यन्तै कम छ । अर्थ-राजनैतिक एवम अन्य हिसाबले देशकै नेतृत्व गरिरहेको प्रदेशमा दलित समुदायको प्रतिनिधित्व नगराइनु चिन्तनीय छ । यस प्रदेशमा थारु र मुस्लिमको प्रतिनिधित्व छैन ।

## गण्डकी प्रदेश

यस प्रदेशमा प्रतिनिधित्व गर्ने कुल ६० जनामध्ये प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ २४ रहेको छ । निर्वाचन आयोगको तथ्याङ्क अनुसार यो प्रदेशमा जनसाङ्ख्यिक आधारमा दलित तेस्रो स्थानमा (१७.४४%) छ । सात वटा प्रदेशको तुलनामा दलितको सङ्ख्या यहाँ दोस्रो स्थानमा छ । दलितको प्रतिनिधित्व समानुपातिकतर्फ जम्मा ४ जना रहेको छ, जसमध्ये १ जना पुरुष छन् । यो तथ्याङ्क प्रदेशको कुल समानुपातिकको १७ प्रतिशत हो । जसलाई सकारात्मक नै भन्नु पर्छ । प्रत्यक्षतर्फ भने प्रतिनिधित्व छैन । तर प्रदेश सभाको कुल प्रतिनिधित्व सङ्ख्यामा हेर्ने हो भने दलित समुदायको प्रतिनिधित्व जम्मा ७ प्रतिशत छ । तल दिइएको तथ्याङ्कले प्रष्ट पार्छ कि दलितको भन्दा दोब्बरमा केही बेसी जनसङ्ख्या रहेको खसआर्यको प्रतिनिधित्व दलितको तुलनामा कयौं गुणा बढि देखिन्छ ।

**चित्र नं. ५ : गण्डकी प्रदेशको जातीय प्रतिनिधित्व**




**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४ ।

वास्तवमा प्रदेशको जनसङ्ख्या प्रतिशतका आधारमा दलितको हुनु पर्ने प्रतिनिधित्व त १७ प्रतिशत (१० जना) हो । यस हिसाबले दलितको प्रतिनिधित्व ५० प्रतिशतभन्दा बेसी कम भएको छ । त्यसैले यहाँ मुख्य बुझ्नु पर्ने विषय के छ भने समानुपातिक समावेशी सिद्धान्तबमोजिम दलितको प्रतिनिधित्व जनसङ्ख्याको अनुपातमा हुनु पर्ने कि नपर्ने । मुख्य विषय भनेको यही हो ।

त्यसैगरी प्रत्यक्षतर्फ दलितहरूको उपस्थितिको सुनिश्चितता गरिनु पर्‍यो, होइन भने समानुपातिकतर्फ दलित समुदायको प्रतिनिधित्व बढाउनुको विकल्प छैन । यो प्रदेशमा सबैभन्दा बढि जनसङ्ख्या रहेको आदिवासी–जनजातिको प्रतिनिधित्व ४७ प्रतिशत रहेको छ । प्रदेशमा अन्य जाति समुदायको उपस्थिति रहेको छैन ।

## लुम्बिनी प्रदेश

५ नं. प्रदेशमा प्रत्यक्षमा ५२ जना र समानुपातिकमा ३५ जना गरी जम्मा ८७ जनाको प्रतिनिधित्व रहेको छ । निर्वाचन आयोगको जनसाङ्ख्यिक तथ्याङ्कमा प्रदेशमा दलितको सङ्ख्या चौथो (१५.११%) स्थानमा देखिन्छ । यस प्रदेशमा समानुपातिकबाट जम्मा ६ जना दलित महिलाको प्रतिनिधित्व छ । यसमध्ये १ जना मधेसी दलित महिलाको उपस्थिति रहेको छ । यो भनेको कुल समानुपातिकको १७.२ प्रतिशत हो । तर समानुपातिक र प्रत्यक्षतर्फ प्रतिनिधित्व गर्ने ८७ जना कुल सङ्ख्याको ६.९ प्रतिशतमात्रै हो । विडम्बना भन्नु पर्छ, अन्य धेरै प्रदेशमा जस्तै यस प्रदेशमा पनि दलित समुदायको प्रतिनिधित्व प्रत्यक्षतर्फ हुनसकेको छैन ।

यसकारण दलित समुदाय चाहे त्यो समानुपातिक वा प्रत्यक्षतर्फबाट होस्, १३ जनाको प्रतिनिधित्व हुन सकेको भए त्यसलाई बल्ल समानुपातिक मान्न सकिन्थ्यो ।

यो भनेको कुल समानुपातिकको २० प्रतिशत हो तर समानुपातिक र प्रत्यक्षतर्फ प्रतिनिधित्व गर्ने कुल सङ्ख्याको ८ प्रतिशतमात्रै हो । विडम्बना भन्नु पर्छ, अन्य धेरै प्रदेशमा जस्तै यस प्रदेशमा पनि दलित समुदायको प्रतिनिधित्व प्रत्यक्षतर्फ हुनसकेको छैन । यसकारण दलित समुदाय चाहे त्यो समानुपातिक वा प्रत्यक्षतर्फबाट होस्, १३ जनाको प्रतिनिधत्व हुन सकेको भए त्यसलाई बल्ल समानुपातिक मान्न सकिन्थ्यो ।

**चित्र नं. ६ : लुम्बिनी प्रदेशको जातीय प्रतिनिधित्व**




**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४ ।

तथ्याङ्कले बताएको छ, दलितको तुलनामा दोब्बर जनसङ्ख्या पनि नरहेको खसआर्यको प्रतिनिधित्व ५१ प्रतिशत छ, जो दलितको जम्मा प्रतिनिधित्वसँग तुलना गर्दा ६ गुणा भन्दा बढि हो । त्यसैगरी जनसङ्ख्यामा दोस्रो स्थानमा रहेको आदिवासी–जनजातिको प्रतिनिधित्व अपेक्षाकृत कम नै छ । प्रदेशमा दलितकै हाराहारीमा जनसङ्ख्या रहेका थारू र मधेसीको प्रतिनिधित्व लगभग जनसङ्ख्याको अनुपातमै छ भन्न सकिएला । यसरी माथिको तथ्याङ्कले के देखाउँछ भने खसआर्यहरूले

अरू समुदायको प्रतिनिधित्व कम गरेर आफ्नो प्रतिनिधित्व सुनिश्चितमात्रै बनाएका छैनन्, वर्चश्व नै कायम गरेका छन् ।

## कर्णाली प्रदेश

यो प्रदेशको कुल प्रतिनिधित्व प्रत्यक्षतर्फ २४ र समानुपातिकतर्फ १६ गरी जम्मा ४० जना रहेको छ । निर्वाचन आयोगको तथ्याङ्क अनुसार दलितको जनसङ्ख्या यस प्रदेशमा २३.२५ प्रतिशत रहेको छ, जो सातवटै प्रदेशको तुलनामा दलितको जनसङ्ख्या सबै भन्दा बढि हो । यस प्रदेशमा दलित समुदायबाट जम्मा ५ जनाको प्रतिनिधित्व रहेको छ । यो भनेको कुल प्रतिनिधित्वको १२.५ प्रतिशत हो । यसमध्ये समानुपातिकतर्फ ३ जना महिला र प्रत्यक्षतर्फ २ जना पुरुष निर्वाचित छन् । अन्य प्रदेशको दाँजोमा यहाँ २ जना दलित प्रत्यक्षमा विजयी हुन सक्नु सकारात्मक छ । यद्यपि ऐतिहासिक उत्पीडन र बहिष्करणको शृङ्खला र जनघनत्वका हिसाबले दलित समुदायको प्रतिनिधित्व न्यूनतम पनि ९ जनाको हुनुपर्थ्यो तर त्यस्तो हुन सकेन ।

तलको तथ्याङ्क अनुसार प्रदेशमा खसआर्यको प्रतिनिधित्व ७७ प्रतिशत रहेको छ भने आदिवासी–जनजाति १० प्रतिशत प्रतिनिधित्व छ । यसरी प्रतिनिधित्वको प्रवृत्तिगत अवस्था आँकलन गर्दा यस प्रदेशमा पनि खसआर्य बाहुल्यताकै निरन्तरता देखिन्छ ।

**चित्र नं. ७ : कर्णाली प्रदेशको जातीय प्रतिनिधित्व**




**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४ ।

## सुदूरपश्चिम प्रदेश

निर्वाचन आयोगले दिएको जनसङ्ख्यासम्बन्धी तथ्याङ्क अनुसार दलितको सङ्ख्या यस प्रदेशमा १७.२९ प्रतिशत रहेको छ, जो प्रदेशमा रहेका अन्य समूहको तुलनामा दोस्रो स्थान हो । प्रतिनिधित्वका हिसाबले यहाँ जम्मा ५३ मध्ये प्रत्यक्षतर्फ ३२ र समानुपातिकतर्फ २१ जना रहेको छ ।

तर दलित समुदायको जम्मा ६ जनाको प्रतिनिधित्व रहेको छ, जसमध्ये समानुपातिकतर्फ ५ जनामा ४ जना महिला र १ जना पुरुष निर्वाचित छन् भने १ जना पुरुषले प्रत्यक्षमा चुनाव जितेका छन् । यसरी प्रदेशको कुल प्रतिनिधित्वमा दलितको प्रतिनिधित्व जम्मा ११ प्रतिशतमात्रै हो । कमसेकम दलितको जनसङ्ख्याको आधारमा (९ जना) प्रदेशमा उपस्थिति रहेको भए, त्यसलाई सम्मानजनक मान्न सकिन्थ्यो तर ऐतिहासिक भनिएको निर्वाचनमा पनि दलित समुदायले त्यो सम्मान महसुस गर्न पाएनन् । न्यायपूर्ण प्रतिनिधित्व भन्ने विषय त झन् टाढाको विषय भयो ।

**चित्र नं. ८ : सुदूरपश्चिम प्रदेशको जातीय प्रतिनिधित्व**




**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४ ।

तथ्याङ्कमा देखिन्छ, दलितकै हाराहारीमा जनसङ्ख्या रहेको थारुको प्रतिनिधित्व (१३%) दलितको तुलनामा केही बढी भए पनि सम्मानजनक भने भन्न सकिँदैन तर प्रदेशमा खसआर्यको प्रतिनिधित्व ७२ प्रतिशत छ । यसरी अन्य प्रदेशमा

जस्तै यस प्रदेशमा पनि दलित र अन्य समूहको प्रतिनिधत्व घटेर खसआर्यको पोल्टामा गएको प्रष्ट हुन्छ ।

## समग्र प्रदेशमा दलितको उपस्थिति

सातवटै प्रदेशको जम्मा प्रतिनिधित्व ५५० जना हो, जसमध्ये पुरुष ६५ प्रतिशत र महिला ३५ प्रतिशत छन् । प्रदेशको समग्र प्रतिनिधित्वमा जम्मा ३३ जना दलित निर्वाचित छन्, जो कुल प्रतिनिधित्वको ६ प्रतिशतमात्रै हो । दलित समुदायबाट प्रतिनिधित्व भएका जम्मा २६ (५%) जना दलित महिलामध्ये पहाडी दलित महिला १९ (३%) जना र मधेसी दलित महिला ७ (१%) जना रहेका छन् । त्यसैगरी ७ (१.२%) जना दलित पुरुषमध्ये मधेसी दलित पुरुष १ (०.१%) जना र पहाडी दलित पुरुष ६ (१%) रहेका छन् । दलित समुदायको कुल प्रतिनिधित्वमध्ये ४ जना पहाडी दलित पुरुषहरू प्रत्यक्षतर्फ निर्वाचित छन् । प्रत्यक्षतर्फ मधेसी दलितको प्रतिनिधित्व शून्य छ ।

**चित्र नं. ९ : सात प्रदेशको समग्र प्रतिनिधित्वमा दलित**




**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४ ।

उत्पीडनको ऐतिहासिक शृङ्खलाका आधारमा दलित समुदायले जनसङ्ख्याको अनुपातमा मात्रै (७६ जना) होइन, त्यसमा थप क्षतिपूर्तिसहित प्रतिनिधित्व हुने व्यवस्थाको सुनिश्चित गरिनु पर्थ्यो । यद्यपि राजनीतिक दलहरूले समानुपातिक समावेशी नीति समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत उमेदवारको बन्दसूची पेश गर्दामात्रै लागू त गरे तर उनीहरूले प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ को अनुसूचीले निर्देशन गरेको व्यवस्थालाई नै लत्याईदिएका छन् ।[५] अनुसूचीले तोकेकै समावेशी समूहअन्तर्गतको दलितको सङ्ख्या राजनैतिक दलहरूद्वारा घटाइएको छ, किनभने प्रदेश नं. १ र ३ मा समानुपातिक समावेशी भावनाअनुरूप हुनुपर्ने न्यूनतम सङ्ख्यामा दलित समुदायको प्रतिनिधित्व अपुग रहेको छ ।

माथि पनि उल्लेख गरियो कि दलित समुदायको निम्ति थप अधिकार सहितको प्रतिनिधित्वको सुनिश्चितता जरुरी थियो तर कानूनले व्यवस्था गरेको न्यूनतम प्रतिनिधित्व सङ्ख्या पनि दलित समुदायलाई नदिएर राजनीतिक चलखेल गरिएको यस तथ्यले प्रष्ट पार्दछ । यस्तो प्रवृत्तिलाई नतोडेसम्म दलित समुदायका निम्ति कानूनले व्यवस्था गरेको अधिकार पनि सुनिश्चित नहुने देखियो । त्यस्तै प्रत्यक्षतर्फको नतिजा हेर्दा आगामी दिनमा दलित समुदायले प्रत्यक्षतर्फ चुनाव जितेर आउन सक्ने वातावरण बन्नेमा आशावादी हुन सकिँदैन ।

माथिको तथ्याङ्क अनुसार जनसङ्ख्याको आधारमा समग्र प्रदेशमा प्रत्यक्ष र समानुपातिकतर्फ गरी खसआर्यको प्रतिनिधित्व उच्च छ । त्यसपछि मधेसीको र आदिवासी–जनजातिको रहेको छ । त्यस्तै प्रदेशमा थारु र मुस्लिमको प्रतिनिधित्व पनि कम रहेको छ ।

## कुल प्रतिनिधित्वको अवस्था

प्रतिनिधि सभा, राष्ट्रिय सभा र सातवटै प्रदेशमा समानुपातिक र प्रत्यक्षतर्फ गरी कुल ८८४ जनाको प्रतिनिधित्व रहेको छ । तीनवटै तहमा दलित समुदायको

---

५ प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४, अनुसूची–१६ मा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनमा उम्मेदवारको बन्दसूचीमा समावेश गर्नुपर्ने र दलले प्राप्त गरेको सीटको आधारमा छनौट गर्नुपर्ने विभिन्न समावेशी समूहका उम्मेदवारको सङ्ख्या तोकिएको छ । जसअनुसार प्रदेशमा समानुपातिकतर्फ दलित समुदायको न्यूनतम ३१ जनाको प्रतिनिधित्व हुनु पर्ने व्यवस्था छ ।

प्रतिनिधित्व समानुपातिकमा ५२ (६%) जना र प्रत्यक्षमा ७ (१%) जना गरी जम्मा ५९ जना रहेको छ, जो कुल सङ्ख्याको ७ प्रतिशतमात्रै हो । यस सङ्ख्यामा पहाडी दलितमा महिलाहरू ३१(३%) जना, मधेसी दलित महिलाहरू ८ (१%) जना समानुपातिकतर्फ निर्वाचित छन् । त्यसैगरी प्रतिनिधित्व गरेका जम्मा २० (२.२ %) जना दलित पुरुषहरूमध्ये १७ (२%) जना पहाडी दलित र ३(०.३%) जना मधेसी दलित छन् । यसमध्ये ७ जना पहाडी दलित पुरुष (३ जना प्रतिनिधि सभा र ४ जना प्रदेश सभा) प्रत्यक्षतर्फ निर्वाचित छन् । तथ्याङ्क अनुसार एक जना पनि मधेसी दलित प्रत्यक्षतर्फ निर्वाचित छैनन् ।

## तालिका नं. ४ : प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा दलित समुदायको प्रतिनिधित्वको अवस्था

| दलितभित्रको प्रतिनिधित्व | प्रतिनिधि सभा | | प्रदेश सभा | | राष्ट्रिय सभा | जम्मा प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| | प्रत्यक्ष | समानुपातिक | प्रत्यक्ष | समानुपातिक | | |
| पहाडी दलित पुरुष | ३ | ३ | ४ | २ | ५ | १७ |
| पहाडी दलित महिला | | १२ | | १९ | | ३१ |
| मधेसी दलित पुरुष | | | | १ | २ | ३ |
| मधेसी दलित महिला | | १ | | ७ | | ८ |
| जम्मा प्रतिनिधित्व | ३ | १६ | ४ | २९ | ७ | ५९ |

**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४ ।

यसरी माथि उल्लेख गरिएको कुल प्रतिनिधित्व सङ्ख्यामा दलित समुदायको प्रतिनिधित्व कमसेकम १२२ जना भएको भए, त्यसलाई सम्मानजनक मान्न सकिन्थ्यो तर यसको विपरीत दलित सहभागिताको सुनिश्चितता केवल कानूनी प्रावधानमा मात्र सीमित रह्यो । दलितले प्रतिस्पर्धामा विजयी हुन सक्दैनन् भन्ने राजनैतिक दलहरूको सोचाइका कारण दलित समुदायलाई सीमित सिट र कोटामा सिमित गरियो । त्यसैगरी राष्ट्रिय सभामा एक जना दलित महिला नपर्नु पनि राजनैतिक अकर्मण्यता देखिन्छ ।

**चित्र नं. १० : कुल प्रतिनिधित्वमा दलितको अवस्था**




**स्रोत** : निर्वाचन परिणाम पुस्तक, २०७४ ।

प्रत्यक्ष निर्वाचन प्रणालीतर्फबाट निर्वाचित भएका दलित समुदायको न्यून सङ्ख्याले यही कुराको पुष्टि गर्छ । यसकारण समावेशीकरणको मुद्दामा राजनीतिक दलहरू उत्तरदायी र जवाफदेही नभएको प्रष्ट देखियो । यो कुरालाई माथिको तथ्याङ्कले पनि स्पष्ट पार्दछ । किनभने, सबै तहमा खसआर्यको प्रतिनिधित्व उच्च रहेको छ । प्रतिनिधित्व भएका अन्य समूहको तुलनामा दलितको प्रतिनिधित्व न्यून छ ।

## सरकारमा पनि खसआर्यकै प्रभुत्व

नेपालको संविधान २०७२ को प्रस्तावना, धारा ४, धारा ३८(४), ४०(१) र धारा ४२ लगायत राज्यको निर्देशक सिद्धान्त समेतमा समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गरिनुका साथै मन्त्रीमण्डल गठन, संवैधानिक तथा अन्य राजनैतिक नियुक्ति समावेशी आधारमा गरिने संवैधानिक व्यवस्था छ । नेपालका तीनवटै तहका निर्वाचन सम्पन्न गर्ने सम्बन्धमा जारी भएका निर्वाचनसम्बन्धी ऐन, कानून तथा निर्देशिकाहरूमा संघ तथा प्रदेशमा समानुपातिक समावेशिताको सिद्धान्तलाई आत्मासात् गरिएको छ । तर कार्यान्वयन गर्ने क्रममा यो भावनालाई व्यवहारमा लागु गरिएको देखिँदैन ।

यसरी संविधानको धारा ७६ ले मन्त्रिपरिषद्को गठनअन्तर्गत राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने व्यवस्था अनुरूप नै देशको सङ्घीय संरचना निर्माणपश्चात बनेको सरकारको पहिलो मन्त्रिमण्डल बनेको थियो । तर सरकार गठनको अभ्यासलाई हेर्ने हो संविधानको भावना विपरीत बहिष्करणलाई नै निरन्तरता दिएको देखिन्छ ।

**चित्र नं. ११ : केन्द्रीय मन्त्रिमण्डलको जातीय स्वरूप**




**स्रोत** : https://www.opmcm.gov.np/en/cabinet/

माथिको तथ्याङ्क अनुसार २५ जनाको केन्द्रीय सरकारको मन्त्रिमण्डल गठन गर्दा दलित समुदायबाट जम्मा १ (४%) जनामात्रै क्याबिनेट मन्त्री परेका छन् । तर मन्त्रिमण्डलमा प्रतिनिधित्व हुने खसआर्य भने ५० प्रतिशतको हाराहारीमा छन् । यसैगरी क्याबिनेटमा मन्त्री हुनेमा जनजातिबाट २० प्रतिशत र मधेसीबाट २० प्रतिशत छ । मन्त्रिमण्डलमा ३ जना सहायक मन्त्री पनि रहेका छन् । मन्त्रिमण्डलमा मुस्लिम समुदायबाट १ (४%) जना मन्त्री छन् भने थारु जातिबाट १ (४%) जना सहायक मन्त्री रहेको देखिन्छ । मन्त्रिमण्डलमा महिलाको प्रतिनिधित्व ४(१६%) जना रहेको छ ।

त्यसैगरी संविधानको धारा १६८ को प्रदेश मन्त्रिपरिषद्को गठन अन्तर्गत प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुने व्यवस्था छ । तर प्रदेश

सरकारको मन्त्रिमण्डलमा प्रतिनिधित्व रहेको दलितको तथ्याङ्कले समावेशी राज्य निर्माण गर्ने संविधानको भावनामाथि ठेस पुऱ्याएको छ । किनभने, सातवटा प्रदेशको ४९ सदस्यीय मन्त्रिमण्डलमा प्रदेश नं. १ मा दलित समुदायबाट जम्मा १ जनामात्रै राज्य मन्त्रीमा समावेश गरिएको छ ।[६] अन्य प्रदेशका सरकारमा दलित समुदायबाट प्रतिनिधित्व हुनसकेको छैन ।

**चित्र नं. १२ : प्रदेश मन्त्रिमण्डलको जातीय स्वरूप**




**स्रोत** : स्थलगत अध्ययन, समता फाउण्डेशन २०७५ ।

सङ्घीय संरचनामा थुप्रै नियम कानून तथा नीति बन्दै गरेको अवस्था छ । राज्यको नीति निर्माण गर्ने ठाउँको नेतृत्व तहमा दलित समुदायबाट नगण्य उपस्थिति रहँदै आएको पृष्ठभूमिमा दलित समुदायको प्रतिनिधित्व अनिवार्य गरिनु पर्थ्यो तर यसप्रति राजनीतिक दल तथा जिम्मेवार राज्यसंयन्त्र गम्भीर देखिएन । त्यसकारण दलितप्रति राज्यको दृष्टिकोण विगतकै व्यवहारको निरन्तरता हो भन्दा अतियुक्ति नहोला ।

---

६ प्रदेश नं. १ मा सामाजिक विकास राज्य मन्त्रीमा जसमाया गजमेर (विश्वकर्मा)लाई नियुक्ति गरिएको थियो ।

## स्थानीय तहमा दलित प्रतिनिधित्व

२०७४ सालमा वैशाख ३१, असार १४ र असोज २ गरी तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो, जसमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी जम्मा ७५३ स्थानीय तहमा ६७४३ वडा रहेका थिए । जस अनुसार सबै स्थानीय तह निर्वाचनमार्फत कुल ३५,२२१ जना पदाधिकारी/सदस्य निर्वाचित हुने व्यवस्था थियो । तर निर्वाचन आयोगका अनुसार जम्मा ३५,०४१ जना पदाधिकारी/सदस्य निर्वाचित भएका थिए ।[७]

स्थानीय निर्वाचन ऐन २०७३ ले प्रत्येक वडामा दलित महिलाको प्रतिनिधित्व अनिवार्य गरेको छ । परिणाम स्वरूप २०७४ सालको निर्वाचनमा दलित महिलाको उपस्थिति सकारात्मक हुन सक्यो ।[८] यद्यपि, राजनैतिक दलहरूले आरक्षण गरिएका सीटबाहेक अन्य पदमा दलित समुदायबाट प्रतिनिधित्व निकै कम गराएका छन् ।

## मुख्य पदमा न्यून उपस्थिति

तथ्याङ्क अनुसार नगरपालिकामा निर्वाचित भएका कुल २९३ मेयरमध्ये जम्मा ६ (२%) जनामात्रै दलित छन्, जसमध्ये पहाडी दलित पुरुष ४(१.३%) जना र मधेसी दलित पुरुष २ (०.६%) जना छन् । त्यस्तै कुल उप-मेयरमध्ये दलित समुदायका ११(३.८%) जना छन् । यसमध्ये पहाडी दलित महिला ८ जना र पहाडी दलित पुरुष १ जना छन् । त्यस्तै मधेसी दलित महिला २ (१ %) जना छन् भने मधेसी दलित पुरुषको प्रतिनिधित्व छैन ।

यसैगरी, कुल ४६० गाउँपालिका अध्यक्षमा पहाडी दलित १ (०.२%) जना छन् भने मधेसी दलितको प्रतिनिधित्व शून्य रहेको छ । त्यस्तै दलितबाट विजयी गाउँपालिकाका कुल उपाध्यक्ष १६ (३.४%) जनामध्ये पहाडी दलित महिला ९ जना र पहाडी दलित पुरुष १ जना छन् भने मधेसी दलित महिलाबाट ६ (१.३%) जनाको प्रतिनिधित्व रहेको छ । यसरी कुल ४६० गाउँपालिका अध्यक्षमध्ये दलित समुदायबाट

---

७ सङ्ख्या कम हुनुमा एउटा मुख्य कारण भनेको स्थानीय तह निर्वाचनमा १७६ दलित महिला सदस्यको पद पदपुर्ति हुन नसकेर खाली रहेकोले गर्दा हो ।

८ स्थानीय तह निर्वाचन ऐन, २०७३, दफा ६, बुँदा २ को निर्वाचन प्रणाली अनुसार गाउँपालिका वा नगरपालिकाको वडा समितिमा १ जना दलित महिला अनिवार्य निर्वाचित हुने व्यवस्था गरिएको छ ।

१ जना मात्रै गाउँपालिकाको अध्यक्षमा प्रतिनिधित्व रहेको छ । यो भनेको संविधानले व्यवस्था गरेको समानुपातिक समावेशी सिद्धान्तको विपरीत छ । साथै, जम्मा ७५३ स्थानीय तहमा दलितको उपस्थिति ३४ स्थानमा मात्रै हुनु भनेको ऐतिसिक रूपमा भएको बहिष्करणको निरन्तरता हो ।

### तालिका नं. ५ : स्थानीय तहमा प्रतिनिधित्वको अवस्था

| पद | जम्मा | दलित | प्रतिशत |
|---|---|---|---|
| मेयर | २९३ | ६ | १.३ |
| उप-मेयर | २९३ | ११ | ३.८ |
| अध्यक्ष | ४६० | १ | ०.८६ |
| उपाध्यक्ष | ४६० | १६ | ३.५ |
| वडा अध्यक्ष | ६७४३ | १९७ | २.९ |
| वडा सदस्य | १३४८४ | ७९७ | ५.९१ |
| दलित महिला वडा सदस्य | ६७४३ | ६५६७ | ९७.४ |

**स्रोत** : स्थानीय सरकार र दलित महिला २०७४ र निर्वाचन परिणाम पुस्तक २०७४ ।

अर्कोतिर, जम्मा ६७४३ वडाअध्यक्षमा दलित १९७ (२.९%) जनाको प्रतिनिधित्व रहेको छ, जसमध्ये पहाडी दलित १२१ (१.७ %) जना र मधेसी दलित ७६ (१ %) जना रहेका छन् । यसैगरी, कुल १३४८४ वडा सदस्यमा पहाडी दलित ५४८(४%) जना र मधेसी दलित २४९ (१.८%) जना मात्र देखिन्छ । दलित महिला सदस्य ६७४३ हुनुपर्नेमा ६५६७ जना मात्र निर्वाचित भएको देखिन्छ, जसमा पहाडी दलित ७७ प्रतिशत र मधेसी दलित २३ प्रतिशत रहेको छ । प्रतिनिधित्व नभएका १७६ जना दलित महिला सदस्य प्रतिनिधित्व हुन नसक्नुमा राजनैतिक दलहरूले गरेको दलित समुदायमाथिको बहिष्करणको रूपमा लिन सकिन्छ ।

# स्थानीय तहका कार्यपालिकामा दलितको प्रतिनिधित्व

नेपालको संविधान (२०७२) को भाग ५, धारा ५६ र अनुसूची–४ मा राज्यको पुनर्संरचना सम्बन्धी प्रावधान रहेको छ । संविधानको धारा ५७ तथा अनुसूची ५, ६, ७, ८ र ९ बमोजिम राज्यशक्ति सङ्ग, प्रदेश र स्थानीय तहमा बाँड्फाँड गरिएको छ । संविधानको धारा ५६ को उपधारा (१) ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूलसंरचना सङ्ग, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख गरेको छ । यसैगरी, धारा ५६ कै उपधारा (४) मा भनिएको छ– "स्थानीय तह" अर्न्तगत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन् । त्यस्तै, नेपालको संविधान भाग ५ धारा ५६ (५) को उपधारा ४ का अनुसार गाउँपालिका र नगरपालिकामा रहने वडाको सङ्ख्या कानुनबमोजिम रहने व्यवस्था रहेको छ ।

त्यसैगरी, सविधानको भाग–१७ को धारा २१४ देखि २२० सम्म स्थानीय कार्यपालिकासम्बन्धी प्रावधान रहेको छ । जसअनुसार निर्वाचनमा दलित तथा अल्पसङ्ख्यक समुदायबाट अनिवार्यरूपमा सहभागी हुनुपर्ने व्यवस्था रहेको छ । यसैअनुरूप तीनवटै तहअन्तर्गत रहेका जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाका कार्यपालिकामा दलित समुदायको उपस्थिति कस्तो रहेको छ भनी समता फाउण्डेशनले निर्वाचन आयोग २०७४, निर्वाचन परिणाम पुस्तकलाई आधार बनाई पुनरावलोकन गरेको थियो । त्यसक्रममा प्राप्तभएको तथ्याङ्कका आधारमा दलित समुदायको सहभागिताबारे यस खण्डमा विश्लेषण गरिएको छ ।

## जिल्ला समन्वय समिति पृष्ठभूमि

नेपाल सरकारले स्थानीय तह निर्वाचन ऐन २०७३ र नियमावली २०७३ जारी गरेको थियो । जसअनुसार स्थानीय तह पुनर्संरचनाबाट ७५३ स्थानीय तह पारित भई राजपत्रमा प्रकाशन भयो । ती ऐन र नियमावलीमा साबिकका जिल्ला विकास समितिहरूलाई स्थानीय तहको समन्वय गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मातहतमा जिल्ला समन्वय समिति गठन गर्ने व्यवस्था रहेको छ । स्थानीय स्वयत्त शासन ऐन २०५५ मा उल्लेख भएअनुसार जिल्ला समन्वय समितिलाई जिल्ला विकास समिति भनिएको थियो । तत्कालीन अवस्थामा जिल्ला विकास समितिले गर्दैआएको कार्यकारिणी कार्यहरू अब स्थानीय तहले गर्ने व्यवस्था रहेको छ । जिल्ला समन्वय समितिको कार्य अधिकार भनेको समन्वय र अनुगमन गर्ने मात्रै हो ।

यसप्रकार जिल्ला समन्वय समितिले जिल्लाअन्तर्गका स्थानीय तहको बीचमा समन्वय गराउने काम गर्छ । जस्तो- जिल्लाभित्रका गाउँपालिका, नगरपालिका, गाउँपालिकाबीच काममा कस्तो तादात्म्य रहेको छ, काम कसरी भइरहेको छ, समितिले अनुगमन तथा समन्वय गर्ने । यसका साथै, समितिले स्थानीय तह र प्रदेश सरकारबीच समेत समन्वय गर्ने काम गर्दछ । र, संविधान तथा सङ्गीय कानूनबमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने, विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरणसम्बन्धी कार्य गर्दछ ।

## जिल्ला समन्वय समितिको गठन प्रक्रिया

जिल्ला समन्वय समितिको निर्वाचनमा प्रत्येक स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि मध्येबाट नै निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ । सोहि प्रावधानलाई मध्यनजर गदै निर्वाचन आयोगले जिल्ला समन्वय समिति गठन गर्दछ ।

नेपालको संविधानको धारा २२० को उपधारा (३) मा जिल्ला समन्वय समितिमा प्रमुख र उपप्रमुखसहित तीन जना महिला सदस्य अनिवार्य र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको गठन गर्ने उल्लेख गरिएको छ । समितिको प्रमुख र उपप्रमुख चुनिनका लागि मतदान भने गाउँपालिका र नगरपालिका प्रमुख र उपप्रमुखले मात्रै गर्न पाउने व्यवस्था रहेको छ ।

हाल नेपालको प्रत्येक जिल्लामा एक एक वटा गरी जम्मा ७७ वटा जिल्ला समन्वय समितिहरू रहेका छन् । देशको परिवर्तित राजनीतिक परिदृश्यमा ती संरचनाहरूमा दलित समुदायको उपस्थितिका सम्बन्धमा सबै सुसूचित हुन जरूरी देखिन्छ । यहाँ सात प्रदेशअन्तर्गत रहेका ७७ वटै जिल्लाका समन्वय समितिहरूमा दलितको प्रतिनिधित्वको अवस्थाका बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**प्रदेश नं . १**

प्रदेश नं १ मा १४ वटा जिल्ला समन्वय समिति रहेका छन् । समितिमा प्रतिनिधित्व गरेका कुल १४ जना प्रमुखहरूमध्ये झापा र उदयपुर जिल्लाबाट एक एक जना गरी जम्मा २ जना दलित पुरूषको प्रतिनिधित्व रहेको देखिन्छ । त्यसैगरी, उपप्रमुखमा ताप्लेजुङ, इलाम र सुनसरी जिल्लाबाट एक एक जना गरी जम्मा ३ जना दलित महिलाको प्रतिनिधित्व रहेको छ । दलित पुरूषहरू उपप्रमुख पदमा निर्वाचित भएका छैनन् । (हेर्नुहोस् तालिका नं ६)

त्यसैगरी प्रदेशको जिल्ला समन्वय समितिमा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्या ९८ रहेको छ । त्यसमध्ये दलित समुदायबाट प्रतिनिधित्व गर्ने सदस्य सङ्ख्या १४ जना रहेको छ । त्यसमा दलित पुरूष ९ जना र दलित महिला ५ जना रहेको छ ।

दलित प्रतिनिधित्वको आँकडालाई प्रतिशतमा हेर्ने हो भने प्रमुखमा १४.३ प्रतिशत र उपप्रमुखमा २१.४ प्रतिशत निर्वाचित भएको देखिन्छ । यी पदहरूमा प्रतिनिधित्व गर्ने अन्य जातिहरूमा खस-आर्य, जनजाति र मधेसी रहेका छन् । त्यसैगरी सदस्य पदमा १४.३ प्रतिशत दलितको प्रतिनिधित्व रहेको देखिन्छ । यसप्रकार प्रतिशतमा देखिएको दलितको सहभागिता अन्य जातिको तुलनामा त्यति ठूलो सङ्ख्या होइन । यद्यपि, यस प्रदेशको जिल्ला समन्वय समितिमा दलितको उपस्थितिलाई सकारात्मक रूपमा भने लिनु पर्दछ ।

**तालिका नं ६ : जिल्ला समन्वय समितिमा दलितको उपस्थिति**

| प्रदेश | जम्मा जिल्ला सङ्ख्या | जम्मा सदस्य सङ्ख्या | दलित समुदायको प्रतिनिधित्व | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रमुख | | उपप्रमुख | | सदस्य | |
| | | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष |
| १ | १४ | ९८ | – | २ | ३ | – | ९ | ५ |
| २ | ८ | ५५ | – | – | – | – | ७ | ४ |
| बागमती | १३ | ९१ | – | १ | १ | – | २ | १० |
| गण्डकी | ११ | ७३ | १ | १ | १ | – | १० | ४ |
| लुम्बिनी | १२ | ८४ | – | २ | – | – | ९ | ८ |
| कर्णाली | १० | ७० | – | १ | १ | – | ११ | ६ |
| सुदुरपश्चिम | ९ | ६३ | – | – | ३ | – | ५ | ९ |
| **जम्मा** | **७७** | **५३४** | **१** | **७** | **९** | **–** | **५३** | **४६** |

**स्रोत : निर्वाचन परिणाम पुस्तक, २०७४ ।**

## प्रदेश नं . २

प्रदेश नं. २ मा रहेका कुल ८ वटा जिल्लाका समन्वय समितिका प्रमुख र उपप्रमुख दुबै पदमा दलित समुदायको प्रतिनिधित्व शून्य छ । जिल्ला समन्वय समितिमा कुल ५५ जना सदस्य निर्वाचित भएका, जसमध्ये दलित समुदायका ११ जना सदस्यको प्रतिनिधित्व रहेको छ । यो सङ्ख्या कुल निर्वाचित सङ्ख्याको २० प्रतिशत हो । त्यसमा ४ जना (७.३%) पुरूष र ७ जना (१२.७%) महिला सदस्य रहेका छन् । यसरी यस प्रदेशमा भएको दलितको प्रतिनिधित्वको तथ्याङ्कले संविधानमा उल्लेख गरिएको समानुपातिक समावेशी सिद्धान्तको उल्लङ्घन गरेको देखिन्छ ।

## बागमती प्रदेश

बागमती प्रदेशमा १३ वटा जिल्ला समन्वय समिति रहेका छन् । यीमध्ये प्रमुख पदमा चितवन जिल्लाबाट १ जना दलितको प्रतिनिधित्व रहेको छ । प्रमुख पदमा दलित महिलाको प्रतिनिधित्व छैन ।

चितवन जिल्लाबाहेक अन्य कुनै पनि जिल्ला समन्वय समितिको प्रमुख पदमा दलितको प्रतिनिधित्व रहेको छैन । प्रदेशअन्तर्गका अन्य जिल्ला समन्वय समितिमा खस–आर्य, जनजाति र मधेसीको प्रतिनिधित्व रहेको देखिन्छ । त्यसैगरी, बागमती प्रदेशमा निर्वाचित भएका कुल ९१ जना सदस्यमा दलितको उपस्थिति १२ जना रहेको देखिन्छन । त्यसमा १० जना पुरूष सदस्य र २ जना महिला सदस्य रहेका छन् ।

जिल्ला समन्वय समितिको प्रमुखमा १ जना निर्वाचित भएको देखिन्छ भने उपप्रमुख पदमा धादिङ जिल्लाबाट १ जना दलित महिला निर्वाचित भएको देखिन्छ । प्रदेशका १३ वटा समन्वय समितिमा १ जनामात्रै दलित महिलाको प्रतिनिधित्वले समानुपातिक समावेशिताको सिद्धान्तलाई लत्याएको देखिन्छ । निश्चय पनि यो संविधानको मर्म र भावनाविपरीत छ ।

## गण्डकी प्रदेश

गण्डकी प्रदेशका जम्मा ११ वटा जिल्ला समन्वय समितिमा प्रमुख पदमा २ जना दलित निर्वाचित भएका छन् । तीमध्ये पर्वत जिल्लाबाट १ जना र स्याङ्जा जिल्लाबाट १ जना रहेका छन् । यो एक मात्र यस्तो प्रदेश हो, जहाँ प्रमुख पदमा दलित महिलाको प्रतिनिधित्व रहेको छ । यस प्रदेशमा दलितको सहभागिता तुलनात्मक रूपमा राम्रो देखिन्छ

यसप्रकार जिल्ला समन्वय समितिमा निर्वाचित भएको कुल सदस्य सङ्ख्या ७३ रहेको छ । त्यसमा १४ जना दलित समुदायका प्रतिनिधि रहेका छन्, जसमध्ये ४ जना दलित पुरूष र १० जना दलित महिला सदस्य छन् । यस प्रदेशमा दलित पुरूष सदस्यको तुलनामा दलित महिला सदस्य धेरै निर्वाचित भएको देखिन्छ ।

## लुम्बिनी प्रदेश

प्रदेश ५ मा रहेका जम्मा १२ वटा जिल्ला समन्वय समितिमा २ जना दलित पुरूष प्रमुख पदमा निर्वाचित भएका छन् । उनीहरू दाङ र रूपन्देही जिल्लाबाट प्रतिनिधित्व गरेका हुन् । तर उपप्रमुख पदमा भने दलित समुदायको प्रतिनिधित्व शून्य रहेको छ ।

त्यस्तै, जिल्ला समन्वय समितिमा कुल ८४ जना सदस्य रहेका छन् । सदस्य पदमा दलित समुदायबाट १७ जना निर्वाचित भएका छन्, जसमध्ये ८ जना पुरूष र ९ जना महिला रहेका छन् ।

### कर्णाली प्रदेश

कर्णाली प्रदेशमा १० वटा जिल्ला समन्वय समिति रहेका छन् । प्रमुख पदमा जुम्ला जिल्लाबाट १ जना दलित पुरूष निर्वाचित भएका छन् । त्यस्तै, उपप्रमुख पदमा कालीकोट जिल्लाबाट १ जना महिला निर्वाचित छन् ।

यस प्रदेशको जिल्ला समन्वय समितिमा जम्मा ७० जना सदस्य रहेका छन् । त्यसमा प्रतिनिधित्व गर्ने दलित समुदायका सदस्यहरूको सङ्ख्या १७ जना छ । त्यसमध्ये ६ जना पुरूष र ११ जना महिला निर्वाचित भएको देखिन्छ ।

निर्वाचन आयोगको तथ्यांकअनुसार कर्णाली प्रदेश दलितको जनसङ्ख्या सबैभन्दा बढी (२३.२५%) भएको प्रदेश हो । यस हिसाबले दलितको प्रतिनिधित्व न्यायोचित हुने आशा गरिएको थियो । तर, प्रदेशमा दलितको सार्थक उपस्थिति नहुँदा, संविधानको समानुपातिक समावेशी भावनाको कार्यान्वयन भएको देखिँदैन ।

### सुदूरपश्चिम

यस प्रदेशमा ९ जिल्ला रहेका छन । निर्वाचन आयोगको तथ्यांकअनुसार दलितको जनसङ्ख्या १७.२९ रहेको छ । जिल्ला समन्वय समितिको प्रमुख पदमा दलितको प्रतिनिधित्व शून्य रहेको छ । जनसङ्ख्याको हिसाबले पनि प्रमुख पदमा न्यूनतम २ जना दलितको प्रतिनिधित्व हुनु पर्ने हो । तर संविधानमा भएको व्यवस्था व्यवहारमा कार्यान्वयन नहुँदा दलितको अभिप्राययुक्त सहभागिता हुन सकेको देखिँदैन । तर उपप्रमुख पदमा भने ३ जना दलित महिलाको प्रतिनिधित्व छ । उनीहरू बाजुरा, डोटी र डडेलधुरा जिल्लाबाट निर्वाचित भएका हुन् ।

त्यसैगरी, जिल्ला समन्वय समितिमा कुल ६३ जना सदस्य रहेका छन् । त्यसमा दलित समुदायबाट निर्वाचित हुने सदस्य सङ्ख्या १४ जना रहेको छ । जसमध्ये ९ जना पुरूष र ५ जना महिला सदस्य छन् ।

## समग्रमा जिल्ला समन्वय समितिमा दलितको उपस्थिति

सातवटै प्रदेशका जिल्ला समन्वय समितिका प्रमुख पदमा कुल ७७ जना निर्वाचित भएका छन् । दलित समुदायबाट १ जना महिला र ७ जना पुरूष गरी प्रमुख पदमा ८ जनाको प्रतिनिधित्व रहेको देखिन्छ । यो भनेको कुल

प्रतिनिधित्व सङ्ख्या को १०.४ प्रतिशतमात्रै हो । दलितको जनसङ्ख्या को आधारमा न्यूनतम ११ जना हुनुपर्ने हो, तर विडम्बना सोअनुरूप दलितको सहभागिता भएको छैन ।

त्यस्तै, उपप्रमुख पदमा ९ जना दलित महिलाको प्रतिनिधित्व छ । उपप्रमुख पदमा दलित महिलाको प्रतिनिधित्व केही बढी देखिएको भए तापनि न्यूनतम रूपमा हुनुपर्ने (११ जना) पनि हुन सकेको छैन ।

त्यसैगरी, समग्र जिल्ला समन्वय समितिका सदस्य पदमा निर्वाचित कुल सदस्य सङ्ख्या ५३४ हो । सदस्य पदमा निर्वाचित कुल दलितको सङ्ख्या ९९ जना रहेको छ । त्यसमध्ये ४६ जना दलित पुरूष सदस्य र ५३ जना दलित महिला सदस्य रहेका छन् ।

सदस्य पदमा निर्वाचित दलितको प्रतिशत सकारात्मक (१८.५%) नै देखिन्छ । तथापि, दलितमाथि भएको दमनपूर्ण इतिहास, बहिष्करण र समाज रूपान्तरणमा दलित समुदायले गरेको त्याग र बलिदानको तुलनामा यो सङ्ख्या लाई न्यायपूर्ण मान्न सकिँदैन । दलित अधिकार सुनिश्चितताका लागि प्रत्येक जिल्ला समन्वय समितिमा दलित समुदायको उल्लेख्य सहभागिता हुन जरूरी देखिन्छ । त्यसपछि मात्रै हामीले खोजेको वास्तविक परिवर्तन सम्भव छ ।

## महानगरपालिका

देशभरि ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका कायम भएका छन् । महानगरपालिका एक सहरी विभाजनको प्रकार हो । महानगरपालिका हुनका लागि केही निश्चित मापदण्ड पूरा गर्नु पर्दछ ।

सामान्यतया महानगरपालिका हुनको लागि कम्तीमा पाँच लाख स्थायी बासिन्दा भएको हुनु पर्दछ । त्यस्तै, पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय कम्तीमा एक अर्ब रूपैयाँ हुनु पर्दछ ।

त्यसैगरी, अन्य आधारहरूमा टर्मिनल सहितको बसपार्क, पार्किङका लागि पर्याप्त सुविधा, सबवे तथा सडक पेटी भएको, सहरी परिवहनको सुविधा भएको, कुल सडक लम्बाईको कम्तीमा ७५ प्रतिशत सडकहरू पक्की भएको, स्नाकोत्तर तहसम्मको अध्ययन संस्था भएको आदि हुनु पर्दछ ।

नेपालको संविधानको भाग ३४, धारा ३०६ को उपधारा (१) को खण्ड (घ)बमोजिम नगरपालिका भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेत बुझाउँछ । महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको गठन प्रक्रिया एकै प्रकारको हुन्छ, जहाँ निम्नानुसार सदस्य सङ्ख्या हुनु पर्दछ ।

- प्रमुख १ जना
- उपप्रमुख १ जना
- नगरपालिकाका प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष १, १ जना
- नगर सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य
- नगर सभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका ३ जना सदस्य

नेपालमा रहेका महानगरपालिका यसप्रकार रहेका छन् :

१) काठमाडौ महानगरपालिका (काठमाडौं)
२) ललितपुर महानगरपालिका (ललितपुर)
३) पोखरा लेखनाथ महानगरपालिका (कास्की)
४) भरतपुर महानगरपालिका (चितवन)
५) वीरगन्ज महानगरपालिका (पर्सा)
६) विराटनगर महानगरपालिका (मोरङ)

### १) काठमाडौं महानगरपालिका (काठमाडौं)

काठमाडौं महानगरपालिकामा ३२ वटा वडाहरू रहेका छन् । महानगरपालिकामा कार्यपालिका सदस्य जम्मा ४२ जना रहेका छन् । तर दलित समुदायबाट निर्वाचित हुने कार्यपालिका सदस्य १ जना मात्र छन् ।

देशको नीति निर्माण लगायतमा महत्त्व राख्ने काठमाडौं महानगरपालिकामा दलितको प्रतिनिधत्व १ जना (२.४%) मात्रै हुनु विडम्बना हो । दलित समुदायको पहुँच माथिल्लो तहमा त छैन नै, यस तथ्यले स्थानीय स्तरका संरचनामा समेत हुन नसकेको चित्र देखाएको छ ।

**तालिका नं. ७ : महानगरपालिकामा दलित समुदायको प्रतिनिधित्वको अवस्था**

| प्रदेश | महानगरपालिका | जिल्ला | मेयेर उपमेयर | म.पा. वडा सङ्ख्या | म.पा.को दलित वडा सदस्य | म.पा.को कार्यपालिकाको जम्मा निर्वाचित सङ्ख्या | म.पा. कार्यपालिकाको जम्मा सङ्ख्या | दलित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | पुरुष | महिला | जम्मा |
| ३ | काठमाडौं महानगरपालिका | काठमाडौं | २ | ३२ | - | ८ | ४२ | १ | - | १ |
| ३ | ललितपुर महानगरपालिका | ललितपुर | २ | २९ | - | ८ | ३९ | ३ | १ | ४ |
| ४ | पोखरा लेखनाथ महानगरपालिका | कास्की | २ | ३३ | २ | ८ | ४५ | १ | १ | २ |
| ३ | भरतपुर महानगरपालिका | चितवन | २ | २९ | - | ८ | ३९ | ३ | २ | ५ |
| २ | वीरगन्ज महानगरपालिका | पर्सा | २ | ३२ | - | ८ | ४२ | - | २ | २ |
| १ | विराटनगर महानगरपालिका | मोरङ | २ | १९ | १ | ८ | ३० | - | २ | २ |
| **जम्मा** | **६** | **६** | **१२** | **१७४** | **३** | **४८** | **२३७** | **८** | **८** | **१६** |

**स्रोतः** निर्वाचन आयोग, २०७४ ।

### २) ललितपुर महानगरपालिका (ललितपुर)

ललितपुर महानगरपालिकामा २९ वडाहरू रहेका छन् । यस महानगरपालिकामा कार्यपालिका सदस्यको सङ्ख्या ३९ जना रहेको छ । कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलितको सङ्ख्या ४ जना छ । त्यसमध्ये ३ जना पुरूष र १ जना महिला रहेका छन् ।

यो तथ्याङ्क भनेको कुल सदस्य सङ्ख्या को जम्मा १०.३ प्रतिशत मात्रै हो । दलितको हुनु पर्ने न्यूनतम सङ्ख्या ५ जना हो । तर समानुपातिक समावेशी भावनाअनुरूप हुन सकेको देखिएन ।

### ३) पोखरा लेखनाथ महानगरपालिका (कास्की)

पोखरा लेखनाथ महानगरपालिकामा ३३ वडाहरू रहेका छन् । यस महानगरपालिकामा ४३ जना कार्यपालिका सदस्यहरू छन् ।

कार्यपालिका सदस्यमा निर्वाचित हुने दलित समुदायका प्रतिनिधि जम्मा २ जना रहेका छन् । जसमध्ये १ जना दलित पुरूष र १ जना दलित महिला छन् । यस महानगरपालिकाको कार्यपालिका सदस्यमा पनि दलित समुदायको उपस्थिति न्यायोचित हुन सकेको देखिँदैन ।

### ४) भरतपुर महानगरपालिका (चितवन)

भरतपुर महानगरपालिकामा कुल २९ वडाहरू रहेका छन् । महानगरपालिकाको कार्यपालिका सदस्यहरू जम्मा ३९ जना रहेका छन् । कार्यपालिका सदस्यमा दलित समुदायबाट ५ जना निर्वाचित भएका छन् । त्यसमा ३ दलित पुरूष सदस्य छन् भने २ जना दलित महिला सदस्य छन् ।

यस महानगरपालिकामा दलितको प्रतिनिधित्व अन्य महानगरपालिकाको तुलनामा केही बढी देखिन्छ । तर पनि कार्यकारी संयन्त्रमा दलितको सार्थक उपस्थिति भने होइन ।

### ५) वीरगन्ज महानगरपालिका (पर्सा)

वीरगन्ज महानगरपालिकामा ३२ वडाहरू रहेका छन् । त्यस्तै, महानगरपालिकामा कार्यपालिका सदस्यहरू ४२ जना छन् । कार्यपालिका सदस्यमा जम्मा २ जना दलित महिलाको सहभागिता रहेको छ । यसरी वीरगन्ज महानगरपालिकामा दलितको सहभागिता न्यून देखिन्छ ।

### ६) विराटनगर महानगरपालिका (मोरङ)

विराटनगर महानगरपालिकामा १९ वटा वडाहरू छन् । महानगरपालिकामा कार्यपालिका सदस्यहरूको सङ्ख्या २९ छ । यस महानगरपालिकाको कार्यपालिका सदस्यमा २ जना दलित महिला निर्वाचित भएका छन् । यो तथ्याङ्क हेर्दा विराटनगर महानगरपालिकामा दलितको सहभागिता न्यून देखिन्छ ।

अन्त्यमा, ६ वटा महानगरपालिकामा कुल १७४ वटा वडाहरू रहेका छन् । जसमध्ये पोखरा लेखनाथ महानगरपालिकाबाट २ जना र विराटनगर महानगरपालिकाबाट १ जना गरी ३ जना दलित समुदायबाट निर्वाचित वडा सदस्य रहेका छन् ।

सबै महानगरपालिकामा निर्वाचित भएका कार्यपालिका सदस्य हेर्ने हो भने कुल २३४ जना सदस्यहरू रहेको देखिन्छ । त्यसमा दलित समुदायबाट निर्वाचित कार्यपालिका सदस्यहरू १६ जना छन् । यो भनेको कुल कार्यपालिका सदस्य सङ्ख्या को ६.८ प्रतिशत मात्रै हो । यसले समानुपातिक समावेशी सिद्धान्त व्यवहारमा कार्यान्वयन हुन नसकेको तथ्यलाई उजागर गरेको छ ।

## उपमहानगरपालिका

नेपालको संविधान २०७२ को भाग ३४, धारा ३०६ को उपधारा (१) को खण्ड (घ) बमोजिम "नगरपालिका" भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेत बुझाउँछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८ को उपदफा (१) (ख) अनुसार उपमहानगरपालिका हुनका लागि निम्न आधारभूत आवश्यकता पूरा गरेको हुनुपर्ने उल्लेख गरिएको छ ।

- कम्तीमा दुई लाख स्थायी बासिन्दा भएको,
- पछिल्लो पाँचवर्षको वार्षिक औसत आन्तरिक आय कम्तीमा पच्चीस करोड रूपैयाँ भएको,
- कम्तीमा एक सय शैयाको एक अस्पताल सहित कम्तीमा दुई सय शैयाको अस्पताल सुविधा भएको,
- विद्युत, खानेपानी र सञ्चार सुविधा भएको, नगर भित्रका प्रमुख सडकहरू पक्की भएको, उच्चस्तरीय शिक्षा तथा प्राविधिक शिक्षाको सुविधा भएको आदि र तोकिएबमोजिमको अन्य सहरी सुविधा भएको हुनु पर्नेछ ।

उपमहानगरपालिकाको गठन प्रक्रिया पनि महानगरपालिका र नगरपालिकाको जस्तै नै हो । देशभरका उपमहानगरपालिकाको कार्यपालिकामा दलित समुदायवाट भएको प्रतिनिधित्वसम्बन्धी तल विश्लेषण गरिएको छ ।

हाल नेपालमा ११ वटा उपमहानगरपालिका रहेका छन् । ती उपमहानगरपालिकामा २ सय ३४ वडा सङ्ख्या रहेको छ । लुम्बिनी प्रदेशमा ४ वटा उपमहानगरपालिका रहेको छ, बागमती प्रदेश र सुदूरपश्चिम प्रदेशमा १, १ वटा मात्र उपमहानगरपालिका रहेका छन् । गण्डकी प्रदेश र कर्णाली प्रदेशमा भने उपमहानगरपालिका छैनन् । (हेर्नुहोस् तलको तालिका)

**तालिका नं. ८ : उपमहानगरपालिकामा दलित समुदायको प्रतिनिधित्वको अवस्था**

| प्रदेश | उपमहानगरपालिका सङ्ख्या | प्रमुख, उपप्रमुख | उपमहानगरपालिकाको कार्यपालिकाको जम्मा निर्वाचित सङ्ख्या | उ.म.न.पा. को वडा सङ्ख्या | उ.म.न.पा. को दलित वडा सदस्य | उ.म.न.पा. कार्यपालिकाको जम्मा सङ्ख्या | निर्वाचित दलित महिला सङ्ख्या | निर्वाचित दलित पुरूष सङ्ख्या | जम्मा दलित प्रतिनिधित्व सङ्ख्या | जम्मा द. प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | २ | ४ | १६ | ४० | – | ६० | १ | २ | ३ | ५ |
| **२** | ३ | ६ | २४ | ७६ | ३ | १०९ | ३ | ३ | ६ | ५.५ |
| **बागमती** | १ | २ | ८ | १९ | – | २९ | १ | १ | २ | ६.८९ |
| **गण्डकी** | – | – | – | – | – | – | – | – | – | – |
| **लुम्बिनी** | ४ | ८ | ३२ | ८० | ३ | १२३ | ५ | ८ | १३ | १०.८३ |
| **कर्णाली** | – | – | – | – | – | – | – | – | – | – |
| **सुदूर प.** | १ | २ | ८ | १९ | – | २९ | – | २ | २ | ६.८९ |
| **जम्मा** | **११** | **२२** | **८८** | **२३४** | **६** | **३५०** | **१०** | **१६** | **२६** | **७.५५** |

**स्रोत : स्थानीय तह निर्वाचन, २०७४, नेपालमा स्थानीय सरकार (कानुन, सिद्धान्त र व्यवहार ।**

माथिको तथ्यांकअनुसार, ११ वटै उपमहानगरपालिकाका कार्यपालिकामा निर्वाचित सङ्ख्या ३५० रहेको छ । कार्यपालिकामा दलित समुदायबाट २६ जना निर्वाचित भएका छन् । त्यसमध्ये १० जना महिला सदस्य र १६ जना पुरूष सदस्यको प्रतिनिधित्व रहेका छ ।

उपमहानगरपालिकाको प्रदेशगत निर्वाचित कार्यपालिका सदस्य हेर्दा, प्रदेश १ मा रहेका दुई वटा उपमहानगरपालिकामा निर्वाचित कार्यपालिका सदस्यको कुल

सङ्ख्या ६० रहेको देखिन्छ । त्यसमा दलित समुदायबाट १ जना महिला र २ जना पुरूष गरी जम्मा ३ जनाको प्रतिनिधित्व रहेको छ । यो भनेको कुल कार्यपालिका सदस्य सङ्ख्या को ५ प्रतिशत मात्रै हो ।

त्यसैगरी, प्रदेश २ मा तीन वटा उपपहानगरपालिकामा जम्मा १०९ जना कार्यपालिका सदस्य निर्वाचित भएका छन् । दलित समुदायबाट ६ जनाको प्रतिनिधित्व रहेको छ, जसमा ३ जना महिला र ३ जना पुरूष रहेका छन् । दलितको उपस्थिति प्रतिशतमा हेर्दा जम्मा ५.५ हो ।

बागमती प्रदेशमा रहेको एउटा मात्रै उपमहानगरपालिकामा जम्मा २९ जना कार्यपालिका सदस्य निर्वाचित छन् । त्यसमध्ये कार्यपालिकामा दलित समुदायबाट जम्मा २ जनाको प्रतिनिधित्व रहेको देखिन्छ ।

त्यसैगरी, लुम्बिनी प्रदेशमा दलितको प्रतिनिधित्व तुलनात्मक रूपमा अन्य प्रदेश भन्दा केही बढी देखिन्छ । जहाँ कुल १२३ जना कार्यपालिका सदस्य निर्वाचित भएका छन् । त्यसमध्ये महिला ५ जना र पुरूष ८ जना गरी १३ दलितको प्रतिनिधि रहेको छ ।

त्यस्तै, सुदूरपश्चिम प्रदेशमा २९ जना निर्वाचित प्रतिनिधिहरूमा दलित समुदायबाट जम्मा २ जना पुरूषको प्रतिनिधित्व रहेको छ । यस उपहानगरपालिकामा दलित महिला कार्यपालिका सदस्यमा निर्वाचित भएका छैनन् ।

## नगरपालिका

राज्य सञ्चालनका लागि राजनीतिक रूपमा विभिन्न तहगत विभाजन गरिएको हुन्छ । ती तहहरू राजनीतिक प्रणाली र राज्यका निर्देशक सिद्धान्तहरूबाट निर्देशित हुने गर्छन् ।

नेपालको सन्दर्भमा, सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार गठन गरिन्छ । स्थानीय तह भन्नाले संविधानबमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई बुझिन्छ । नेपालको संविधानअनुसार नगरपालिका स्थानीय तह हो । नगरपालिका सहर बजार भएको एक राजनीतिक एकाइ हो । यसको स्वसासित प्रशासकीय अधिकार हुन्छ । नेपालको संविधानको भाग ३४ धारा ३०६ को उपधारा १ को खण्ड (घ) वमोजिम नगरपालिका भन्नाले महानगरपालिका समेत बुझाउँछ ।

सामान्यतया नगरपालिका भन्नाले विकासका आधारभूत पूर्वाधारहरू पुगेको र नागरिकका न्यूनतम आवश्यकता पुगेको ठाउँ भन्ने बुझिन्छ । नेपाल सरकारले देहायका शर्त तथा सुविधा पूरा गरेको आधारमा नगरपालिका घोषणा गर्न सक्नेछ भनी नेपालको संविधानमा उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८ को उपदफा (१) (क) मा नगरपालिकाको वर्गीकरण गरिएको छ । जसअनुसार नगरपालिका हुनका लागि निम्न आधारभुत पूर्वाधारहरू भएको हुनुपर्छ ।

- हिमाली क्षेत्रमा कम्तीमा १० हजार, पहाडी जिल्लामा कम्तीमा ४० हजार, भित्री मधेसका जिल्लामा कम्तीमा ५० हजार, तराईका जिल्लामा कम्तीमा ७५ हजार र काठमाडौं उपत्यका भित्रका जिल्लामा कम्तीमा १ लाख स्थायी बासिन्दा हुनुपर्ने,
- पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय हिमाली क्षेत्र भए कम्तीमा १ करोड रूपैयाँ र अन्य जिल्ला भए कम्तीमा ३ करोड रूपैयाँ भएको,
- सडक, सडक पेटी, विधुत, खानेपानी, सञ्चार र त्यस्तै अन्य न्यूनतम सहरी सुविधा भएको,
- कम्तीमा पच्चीस शैयाको अस्पताल सुविधा भएको,
- फोहारमैला व्यवस्थापन भऐको, खुल्ला क्षेत्र तथा पार्क भएको, सरसफाइ तथा खानेपानीको व्यवस्था, बैंक तथा वित्तीय संस्थाको सेवा, सामुदायिक भवन तथा सेवा हल, बजार क्षेत्र, आदी भएको,
- नगरपालिका हुनलाई तोकिए बमोजिमका अन्य मापदण्ड पूरा पूरा भएको तथा अन्य सहरी सुविधा भएको हुनुपर्नेछ ।

नेपालको संविधानबमोजिम नगरपालिकाको कार्यकारी अधिकारको प्रयोग गर्ने अङ्ग नगर कार्यपालिका हो, जहाँ निम्नानुसार प्रतिनिधित्व हुने व्यवस्था रहेको हुन्छ :

- प्रमुख १ जना
- उपप्रमुख १ जना
- नगरपालिकाका प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष १, १ जना

- नगर सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेको ५ जना महिला सदस्य
- नगर सभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका ३ जना सदस्य ।

## नगर कार्यपालिकाको गठन

नेपालको संविधानको धारा २१६ अनुसार प्रत्येक नगरपालिकामा १ जना नगरकार्यपालिका प्रमुख रहन्छ । निजको अध्यक्षतामा नगरकार्यपालिका गठन हुन्छ । नगर कार्यपालिकामा १ जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष रहन्छन् । त्यस्तै, नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र नगरसभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका ३ जना सदस्य समेत कार्यपालिकाको सदस्य हुन्छन् । देशभरिका नगर कार्यपालिकामा दलित समुदायबाट भएको प्रतिनिधित्वका सम्बन्धमा यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

## नगर कार्यपालिकामा प्रतिनिधित्वको अवस्था

हाल नेपालमा २ सय ७६ नगरपालिका रहेका छन् । ती नगरपालिकामा ३ हजार ५ सय २७ वडा रहेको छ । स्थानीय कार्यपालिकालाई समावेशी बनाउनकै निम्ति महिला, दलित वा अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ ।

तथ्यांकअनुसार कुल नगरपालिकाको कार्यपालिकामा कुल ६ हजार २ सय ८७ जना सदस्य निर्वाचित भएका छन् (हेर्नुहोस तालिका नं ९) । दलित समुदायबाट नगरपालिका कार्यपालिका सदस्यमा प्रतिनिधित्व गर्ने सङ्ख्या ८ सय ५५ जना रहेको छ । जुन कुल प्रतिनिधित्व गर्ने सङ्ख्या को १३.५९ प्रतिशत हो । यसमध्ये कार्यपालिकामा निर्वाचित दलित महिलाको सङ्ख्या ४ सय ८० रहेको छ भने दलित पुरूषको सङ्ख्या ३ सय ७५ रहेको देखिन्छ ।

समग्रमा, यस अघिका निर्वाचनको तुलनामा यो सङ्ख्या लाई सकारात्मक नै मान्न सकिन्छ । दलित समुदायबाट महिला प्रतिनिधित्वमा भएको वृद्धि पनि उत्साहजनक नै देखिन्छ ।

## तालिका नं. ९ : **नगरपालिका कार्यपालिका सदस्यमा निर्वाचित जनप्रतिनिधिको अवस्था**

| प्रदेश | जम्मा न.पा. सङ्ख्या | प्रतिनिधित्व नभएको न.पा. | प्रमुख, उपप्रमुख | न.पा.को कार्यपालिकाको जम्मा निर्वाचित सङ्ख्या | न.पा. को वडा सङ्ख्या | न.पाको दलित वडा सदस्य | न.पा. को कार्यपालिकाको जम्मा सङ्ख्या | कार्यपालिकामा निर्वाचित दलित महिला सङ्ख्या | कार्यपालिकामा निर्वाचित दलित पुरुष सङ्ख्या | जम्मा कार्यपालिकामा दलित प्रतिनिधित्व सङ्ख्या | जम्मा द. प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | ४६ | ३ | ९२ | ३६८ | ५५५ | ३ | १०१५ | ५१ | ४४ | ९५ | ९.३५ |
| **२** | ७३ | - | १४६ | ५८४ | ९१२ | २१ | १६४२ | १८९ | ५३ | २४२ | १४.७४ |
| **बागमती** | ४१ | १ | ८२ | २२८ | ५७९ | - | ९८९ | ५० | ५३ | १०३ | १०.४१ |
| **गण्डकी** | २६ | - | ५२ | २०८ | ३५१ | ६ | ६११ | ३८ | ३२ | ७० | ११.४५ |
| **लुम्बिनी** | ३२ | - | ६४ | २५६ | ४५६ | १२ | ७७६ | ५० | ६१ | १११ | १४.३० |
| **कर्णाली** | २५ | - | ५० | २०० | ३०३ | १७ | ५५३ | ५१ | ६० | १११ | २०.०७ |
| **सुदूर प.** | ३३ | - | ६६ | २६४ | ३७१ | ११ | ७०१ | ५१ | ७२ | १२३ | १७.०१ |
| **जम्मा** | **२७६** | **४** | **५५२** | **२२०८** | **३५२७** | **७१** | **६२८७** | **४८०** | **३७५** | **८५५** | **१३.५९** |

**स्रोत** : स्थानीय तह निर्वाचन, २०७४, नेपालमा स्थानीय सरकार (कानुन, सिद्धान्त र व्यवहार)

प्रदेशगत रूपमा यो तथ्यांकलाई हेर्ने हो भने दलित समुदायको प्रतिनिधित्व सबैभन्दा धेरै प्रदेश नं. २ बाट भएको देखिन्छ । सबैभन्दा थोरै प्रतिनिधित्व गण्डकी प्रदेशमा छ ।

संवैधानिक ब्यवस्थाअनुसार नगर कार्यपालिका गठन गर्दा प्रत्येक नगरपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट ३ जना, महिला सदस्य ५ जना अनिवार्य गरिएको छ । जसअनुरूप ३ नगरपालिकामा ७ जनासम्म दलित समुदायबाट प्रतिनिधित्व भएको छ भने ३० वटा नगरपालिकामा १ जनामात्र उमेदवार रहेका छन् ।

संविधानमै दलित समुदायबाट प्रतिनिधित्व अनिवार्य हुनुपर्ने प्रावधान राखिए पनि प्रदेश नं. १ को तीन वटा नगरपालिका (पाँचखपन न.पा. सङ्खुवासभा,

रंगेली न.पा. मोरङ र सोलु दूधकुण्ड न.पा. सोलुखुम्वु) र बागमती प्रदेशको भक्तपुर नगरपालिकामा भने दलित समुदायबाट कुनै पनि प्रतिनिधित्व भएको देखिँदैन ।

**नगरपालिका कार्यपालिकामा दलितको प्रतिनिधित्व**

नेपालको संविधानको धारा २१६ अनुसार महिला सदस्य, दलित तथा अल्पसङ्ख्यकको अनिवार्य प्रतिनिधित्व हुनु पर्ने बाध्यकारी व्यवस्थाका कारण पहिलेको तुलनामा दलित समुदायबाट प्रतिनिधित्व केही हदसम्म बढेको देखिन्छ । जसलाई तलको तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०: **नगरपालिकामा दलित समुदायको प्रतिनिधित्वको अवस्था**

| **प्रतिनिधित्व** | **सङ्ख्या** | **दलित** | **प्रतिशत** |
|---|---|---|---|
| न.पा.को प्रमुख | २७६ | ६ | ०.०२१ |
| न.पा. को उपप्रमुख | २७६ | ११ | ०.०३९ |
| न.पा.को वडा अध्यक्ष सख्या | ३५२७ | १९७ | ५.५२ |
| नगर कार्यपालिकामा निर्वाचित उम्मेदवारको जम्मा सङ्ख्या | २२०८ | ८५५ | ३८.७२ |
| जम्मा | ६२८७ | १०६९ | १७ |

**स्थानीय तह निर्वाचन, २०७४**

माथि दिइएको तथ्याङ्कअनुसार नगरपालिकामा २ सय ७६ जना प्रमुख रहेका छन् । जसमध्ये दलित समुदायबाट ६ जनामात्रै प्रमुख पदमा निर्वाचित भएका छन् । दलितको यो सङ्ख्या कुल प्रतिनिधित्व सङ्ख्या को ०.०२१ प्रतिशत हो । यसले मुख्य पदमा दलित समुदायको पहुँच अत्यन्त न्यून देखाउँछ । त्यसैगरी, २ सय ७६ उपप्रमुखमा दलित समुदायबाट ११ जनाको प्रतिनिधित्व देखिन्छ । प्रमुख भन्दा उपप्रमुखमा केही बढी प्रतिनिधित्व देखिन्छ । तर देशभरिका कुल ३ हजार ५ सय २७ वडा अध्यक्षमा दलित समुदायबाट १ सय ९७ को प्रतिनिधित्व देखिन्छ । वडा अध्यक्षमा दलित समुदायका प्रतिनिधित्व (५.५८%) सन्तोषजनक उपस्थिति होइन ।

संविधानमा महिलाबाट ५ जना र दलित तथा अल्पङ्ख्यकबाट ३ जनाको उपस्थितिलाई अनिवार्य बनाइएकै कारण नगर कार्यपालिकामा दलित प्रतिनिधिको सङ्ख्या वढेको देखिन्छ । नगर कार्यपालिकामा निर्वाचित २ हजार २ सय ८ मध्ये ८ सय ५५ अर्थात ३८.७२ प्रतिशत दलित समुदायको प्रतिनिधि रहेको छ । यसप्रकार

नगर कार्यपालिकामा प्रतिनिधित्व गरेका कुल ६ हजार २ सय ८७ मध्ये १ हजार ६९ जना दलित समुदायका जनप्रतिनिधि रहेको देखिन्छ ।

अन्त्यमा, नेपालको संविधानले पिछडिएको वर्ग, दलित वा अल्पसङ्ख्यक समुदायको अधिकार सुनिश्चित गरेको छ । त्यसैको निरन्तरता हो निर्वाचनमा अनिवार्य गराएको दलित वा अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व । यही व्यवस्थाका कारण समुदायबाट केही हदसम्म प्रतिनिधित्व रहेको देखिन्छ । तर, दलित जनप्रतिनिधिलाई राज्यका निर्णायक संयन्त्रमा नेतृत्व गर्न प्रोत्साहित गरिन्छ कि गरिंदैन भन्ने विषय महत्त्वपूर्ण हो ।

## गाउँ कार्यपालिकामा दलित समुदायको प्रतिनिधित्व

नेपालको संविधानको धारा २१५ मा गाउँपालिकाको गठनबारे उल्लेख गरिएको छ । जसअनुसार प्रत्येक गाउँपालिकामा १ जना अध्यक्ष रहने र उसकै अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुनेछ । गाउँ कार्यपालिकामा एक उपाध्यक्ष र प्रत्येक वडा अध्यक्ष र गाउँ सभाको निर्वाचनको परिणाम प्राप्त गरेको मितिले १५ दिनभित्र गाउँ कार्यपालिकामा महिला ४ जना र दलित वा अल्पसङ्ख्यक समुदायबाट २ जना सदस्य रहने गरी निम्नानुसार गठन गरिने प्रावधान रहेको छ ।

- अध्यक्ष १ जना
- उपाध्यक्ष १ जना
- गाउँपालिकाको प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष १, १ जना
- गाउँ सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका महिला सदस्यहरू ४ जना
- गाउँ सभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका सदस्य २ जना ।

## गाउँपालिकामा निर्वाचित दलित समुदायको प्रदेश स्तरीय तथ्याङ्क

### प्रदेश नं. १

प्रदेश १ मा १४ वटा जिल्ला रहेका छन् । गाउँपालिका सङ्ख्या कुल ८८ रहेको छ । दलित समुदायको प्रतिनिधित्व नभएको गाउँपालिका सङ्ख्या १६ छ । यस प्रदेशमा गाउँ कार्यपालिकामा प्रतिनिधित्व गरेको सङ्ख्या १३०६ रहेको छ (हेनुहोस तालिका नं ११) ।

दलित समुदायबाट गाउँकार्यपालिकामा निर्वाचित भएका १३३ जना रहेका छन् । जुन कुल कार्यपालिका सदस्य सङ्ख्या को १०.१९ प्रतिशत हुन आउँछ । जसमध्ये दलित पुरूष ३९ जना र दलित महिला ९४ जनाले प्रतिनिधित्व गरेका छन् ।

## प्रदेश नं. २

कुल ८ वटा जिल्ला रहेको प्रदेश २ मा गाउँपालिकाको सङ्ख्या ५९ रहेको देखिन्छ । जहाँ दलित प्रतिनिधित्व नभएको गाउँपालिकाको सङ्ख्या ३ रहेको छ ।

गाउँ कार्यपालिकामा प्रतिनिधित्व गरेको कुल सङ्ख्या ८३१ रहेको छ । दलित समुदायका तर्फबाट जम्मा १६६ जना गाउँ कार्यपालिका सदस्यमा निर्वाचित भएका छन् । जुन कुल सङ्ख्या को १९.९८ प्रतिशत हुन आउँछ । त्यसमध्ये दलित पुरूष ३५ जना र दलित महिला १३१ जना छन् ।

## बागमती प्रदेश

प्रदेश ३ मा १३ वटा जिल्ला रहेको छ । यहाँ कुल गाउँपालिका सङ्ख्या १४८ रहेको छ । प्रदेशमा ३ वटा गाउँपालिकामा दलित समुदायको प्रतिनिधित्व भएको छैन ।

गाउँ कार्यपालिकामा प्रतिनिधित्व गर्ने कुल सङ्ख्या १ हजार १ सय ३४ रहेको छ । जसमध्ये दलित समुदायका १३९ जना कार्यपालिका सदस्य निर्वाचित भएका छन् । जुन कुल निर्वाचित कार्यपालिका सदस्य सङ्ख्या को १२.२५ प्रतिशत हो । कार्यपालिकामा दलित पुरूष ५१ जना र दलित महिला ८८ जना रहेका छन् ।

## तालिका नं. ११: **गाउँपालिकामा निर्वाचित प्रदेश स्तरीय तथ्याङ्क**

| प्रदेश | जिल्ला सङ्ख्या | जम्मा गाउँपालिका | प्रतिनिधित्व नभएको गाउँपालिका | गा.पा.को अध्यक्ष/ उपाध्यक्ष | गा.पा.को वडा सङ्ख्या | गा.पा को दलित वडा सदस्य | निर्वाचित उम्मेदवारको जम्मा सङ्ख्या | जम्मा सङ्ख्या | निर्वाचित महिला उम्मेदवारको जम्मा सङ्ख्या | दलित महिलको सङ्ख्या | दलित पुरूषको सङ्ख्या | जम्मा दलित सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | १४ | ८८ | १६ | १७६ | ६०२ | ४ | ५२८ | १३०६ | ३५२ | ९४ | ३९ | १३३ |
| **२** | ८ | ५९ | ३ | ११८ | ३५९ | ८ | ३५४ | ८३१ | २३६ | १३१ | ३५ | १६६ |
| **बागमती** | १३ | ७४ | ३ | १४८ | ५४२ | ४ | ४४४ | ११३४ | २९६ | ८८ | ५१ | १३९ |
| **गण्डकी** | ११ | ५८ | ४ | ११६ | ४०८ | ६ | ३४८ | ८७२ | २३२ | ७२ | ५७ | १२९ |
| **लुम्बिनी** | १२ | ७३ | – | १४६ | ५२७ | १४ | ४३८ | ११११ | २९२ | ९५ | १०४ | १९९ |
| **कर्णाली** | १० | ५४ | २ | १०८ | ४१५ | २० | ३२४ | ८४७ | २१६ | ८० | ७३ | १५३ |
| **सुदूर प.** | ९ | ५४ | – | १०८ | ३६३ | १६ | ३२४ | ७९५ | २२० | ६८ | ९१ | १५९ |
| **जम्मा** | **७७** | **४६०** | **२८** | **९२०** | **३२१६** | **७२** | **२७६०** | **६८९६** | **१८४०** | **६२८** | **४५०** | **१०७८** |

**स्रोत** : स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तक ।

### गण्डकी प्रदेश

यस प्रदेशमा जम्मा ११ वटा जिल्ला रहेका छन् । गाउपालिका सङ्ख्या ५८ छ । ४ वटा गाउँपालिकामा दलित समुदायको प्रतिनिधित्व भएको छैन । प्रदेशमा गाउँ कार्यपालिकामा प्रतिनिधित्व गरेको सङ्ख्या ८७२ रहेको छ । त्यसमा दलित समुदायका १२९ जना निर्वाचित भएका छन् । जुन कुल कार्यपालिका सङ्ख्या को १४.७९ प्रतिशत हुन आउँछ । जसमध्ये दलित पुरूष ५७ जना र दलित महिला ७२ जना रहेका छन् ।

### लुम्बिनी प्रदेश

यस प्रदेशमा जम्मा १२ वटा जिल्ला रहेका छन् । यस प्रदेशको कुल गाउँ कार्यपालिकामा १ हजार १ सय ११ जना कार्यपालिका सदस्य निर्वाचित छन् ।

त्यसमा १९९ जना दलित समुदायका सदस्यको प्रतिनिधित्व रहेको छ । जो कुल कार्यपालिका सङ्ख्या को १७.९२ प्रतिशत हो । दलितको कुल निर्वाचित सदस्यमध्ये दलित पुरूष १०४ जना र दलित महिला ९५ जना रहेका छन् ।

### कर्णाली प्रदेश

कर्णाली प्रदेशमा १० वटा जिल्ला छन् । गाउँपालिकाको सङ्ख्या ५४ रहेको छ । जसमा २ वटा गाउँपालिकामा दलितको प्रतिनिधित्व भएको छैन । प्रदेशमा गाउँ कार्यपालिकामा प्रतिनिधित्व गरेको सङ्ख्या ८४७ रहेको छ । जसमध्ये दलित समुदायका कार्यपालिका १५३ जना रहेका छन् । यो सङ्ख्या कुल कार्यपालिका सदस्यको १८.०६ प्रतिशत हो । कार्यपालिकामा दलित पुरूष ७३ जना र दलित महिला ८० जना निर्वाचित छन् ।

### सुदूरपश्चिम प्रदेश

यस प्रदेशमा ९ वटा जिल्ला रहेका छन् । प्रदेशको कुल गाउँपालिका सङ्ख्या ५४ छ । दलित समुदायबाट सबै गाउँपालिकामा धेरै थोरै प्रतिनिधित्व रहेको छ ।

गाउँपालिका कार्यपालिकामा सदस्यमा कुल ७९५ जना निर्वाचित भएका छन् । जसमध्ये दलित समुदायका १५९ जनाको प्रतिनिधित्व रहेको देखिन्छ । यो सङ्ख्या कुल कार्यपालिकामा सदस्य सङ्ख्या को २० प्रतिशत हो । कार्यपालिका सदस्यका रूपमा दलित पुरूष ९१ जना र दलित महिला ६८ जना रहेका छन् ।

## समग्र गाउँ कार्यपालिकामा दलितको प्रतिनिधित्व

सातै प्रदेशमा कुल ७७ वटा जिल्ला रहेका छन् भने गाउँपालिका सङ्ख्या ४६० छ । त्यसमध्ये २८ वटा गाउँपालिकामा दलितको प्रतिनिधित्व भएको छैन ।

त्यस्तै, गाउँ कार्यपालिकामा जम्मा प्रतिनिधित्व सङ्ख्या ६८९६ रहेको छ । त्यसमा दलित समुदायका गाउँकार्यपालिका सदस्य १०७८ जना छन् । जुन कुल सङ्ख्या को १५.६३ प्रतिशत हुन आउँछ । त्यसमध्ये दलित पुरूष सदस्य ४५० जना र दलित महिला सदस्य ६२८ रहेको देखिन्छ ।

जिल्लागत तथ्यांकअनुसार दलितको प्रतिनिधित्व प्रदेश ७ मा २० प्रतिशत, प्रदेश २ मा १९.९८ प्रतिशत रहेको छ । त्यस्तै, प्रदेश १ मा १०.१९ प्रतिशत र प्रदेश ३ मा १२.२५ प्रतिशत उपस्थित रहेको देखिन्छ ।

तालिका नं १२: **गाउँपालिकामा दलितको उपस्थित**

| **प्रतिनिधित्व** | **सख्या** | **दलित** | **प्रतिशत** |
|---|---|---|---|
| गा.पा.को अध्यक्ष | ४६० | १ | ०.२२ |
| गा.पा. को उपाध्यक्ष | ४६० | १६ | ३.४८ |
| गा.पा.को वडा अध्यक्ष सङ्ख्या | ३२१६ | १९७ | ६.१३ |
| गाउँ कार्यपालिकामा निर्वाचित उम्मेदवारको जम्मा सङ्ख्या | २७६० | १०७८ | ३९.०५ |
| जम्मा | ६८९६ | १२९२ | १८.७४ |

**स्रोत** : स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तक ।

माथिको तालिका अनुसार गाउँपालिकाको अध्यक्षको सङ्ख्या ४६० रहेको छ । तर नेपालभरिबाट मात्र १ जना दलित समुदायबाट प्रतिधित्व हुन सकेको छ । जो कुल सङ्ख्या को ०.२२ प्रतिशत मात्रै हो । त्यसैगरी, ४६० जना गाउँपालिका उपाध्यक्षमा दलित समुदायबाट १६ जनाको प्रतिनिधित्व भएको छ । जो कुल सङ्ख्या को ३.४८ प्रतिशत हुन जान्छ । त्यस्तै, देशभरि कुल ३ हजार २ सय १६ वडा सङ्ख्या रहेको छ । जसमध्ये १९७ जना दलित समुदायबाट निर्वाचित भएका छन्, जुन ६.१३ प्रतिशत हुन आउँछ ।

स्थानीय निर्वाचन ऐन २०७२ मा गाउँ कार्यपालिकामा महिलाबाट ४ जना र दलित वा अल्पसङ्ख्यक समुदायबाट २ जना अनिवार्य गरिएको छ । यस अनुरूप नेपालभरिबाट गाउँकार्यपालिकामा २ हजार ७ सय ६० जना निर्वाचित भएको देखिन्छ । त्यसमध्ये गाउँ कार्यपालिकामा निर्वाचित दलित समुदायका प्रतिनिधि १ हजार ७८ जना रहेको छ । जो कुल निर्वाचित सङ्ख्या को ३९.०५ प्रतिशत हुन आउँछ ।

यसरी गाउँ कार्यपालिकामा कुल ६ हजार ८ सय ९६ प्रतिनिधि रहेका छन् । जसमध्ये दतित समुदायका कार्यपालिका सदस्य १ हजार २ सय ९२ जना रहेको छ । जो कुल निर्वाचित सङ्ख्या को १८.७४ प्रतिशत हो ।

# स्थानीय तहका जनप्रतिनिधिहरूको अनुभव, समस्या र चुनौती

नेपालको लोकतान्त्रिक आन्दोलनको लामो सङ्घर्षपश्चात नेपालमा एकात्मक केन्द्रीकृत राज्यबाट सङ्घीय राज्यमा रूपान्तरित भएको छ । यतिमात्र होइन, सामन्तवादले आक्रान्त समाजले वर्ग र जातका आधारमा नेपाली समाजलाई नराम्रोसँग जकडेको थियो । यहि लोकतान्त्रिक आन्दोलनको परिणामस्वरूप अहिले बहिष्करणमा पारिएका समुदायको समानुपातिक समावेशी सिद्धान्तलाई नेपालको संविधानले स्वीकार गरेको छ । संविधानले व्यवस्था गरेका अधिकारहरू त्यतिबेला मात्र कार्यानवयन भएको मानिन्छ, जतिबेला उनीहरूले आफ्नो अधिकारको दाबी गर्न सक्दछन् । अहिलेको स्थानीय तहको निर्वाचणले सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायले आफ्नो अधिकार दाबी गर्नसक्ने अवस्थामा पुऱ्याएको छ ।

संविधानको कार्यान्वयनका लागि २०७४ सालमा तीन चरणमा गरी स्थानीय निर्वाचण सम्पन्न भएको थियो । ७५३ स्थानमा भएको स्थानीय निर्वाचणमा ६ महानगरपालिकाका, ११ उपमहानगरपालिका, २७६ नगरपालिकाका र ४६० गाउँपालिका गरी जम्मा ३५,०४१ स्थानीय जनप्रतिनिधहरू चुनिएका थिए । स्थानीय तह निर्वाचन ऐन २०७३ को बाध्यकारी नियमका कारण अहिले स्थानीय सरकारहरूमा दलित महिलाको प्रतिनिधित्वले ऐतिहासिक छलाङ मारेको देख्न सकिन्छ । कानूनमा बाध्यकारी गरिएको व्यवस्थाका कारण देशभर करिब ६,५६७ दलित महिला सदस्यहरू विजयी भएका छन्, तर कानूनले बाध्यकारी नबनाएका स्थानहरूमा भने न्यून उपस्थिति रहेको देखिन्छ ।

समता फाउण्डेशनले प्रदेश नं. २ का स्थानीय तहमा विजयी भएका जनप्रतिनिधि तथा कार्यपालिका सदस्यहरूसँग सम्वाद गरेको थियो । यस खण्डमा उनीहरूको कार्य सम्पादनसम्बन्धी अनुभव, समस्या र चुनौतीबारे चर्चा गरिएको छ । यसका साथै, प्रतिनिधिमूलक रूपमा अन्य प्रदेशका विजयी दलित समुदायका सदस्यहरूको पनि भोगाइ, अवसर र कार्य अवधिका चुनौती प्रस्तुत गरिएको छ ।

## महत्त्वपूर्ण समय मुद्दा खेप्दाखेप्दै बित्यो

**गंगा पासवान**
*(मेयर, कर्जन्हा नगरपालिका, सिरहा)*

३६ वर्षीय गंगा पासवान कर्जन्हा नगरपालिकाका मेयर हुन् । वामपन्थी पारिवारिक पृष्ठभूमिमा जन्मेका उनी सानैदेखि विद्रोही स्वभावका थिए । उनी माओवादी आन्दोलनबाट प्रेरित भएर राजनीतिमा प्रवेश गरे । गरिब तथा ज्याला मजदुरी गर्ने परिवारमा हुर्किएका पासवानले मेयर पदमा उमेदवार हुन चाहेका थिएनन् । गाउँलेहरूले उनलाई सम्भावित मेयरको रूपमा हेरिसकेका थिए तर पार्टीमा एउटा दलितका लागि टिकट पाउन सजिलो थिएन । त्यस्तै, पार्टी भित्रकै सम्भ्रान्तहरूले उनलाई दलित, असक्षम र लडाकुको संज्ञा दिएर पार्टी हेडक्वाटरसम्म भ्रम फैलाएका थिए । त्यसैले, पार्टी भित्रकै शासकहरूसँग लड्न फलामको चिउरा चपाए जस्तै कठिन भएको उनको अनुभव छ । उनले लामो सङ्घर्षपछि मेयरको टिकट त पाए, तर पार्टीभित्रकै केही व्यक्तिहरूको असहयोग गरे । बाहिर सहयोग गरे जस्तो गर्ने, तर भित्रभित्रै उनलाई हराउन षड्यन्त्र गरे पनि पासवान मेयरमा विजयी भए ।

उनले नगरपालिकाको पहिलो सभामा सम्बोधन गर्दै सीमान्तकृत तथा दलित समुदायको लागि आफ्नो कार्यकालमा काम गर्ने प्रतिबद्धता गरे । यसै विषयलाई लिएर विपक्षीहरूले उनी दलितको मात्र मेयर भएको भ्रम जनतामा फैल्याउने कोसिस गरे । तत्कालीन चारवटा गाविसहरू मिलेर बनेको कर्जन्हा नगरपालिकामा तथा कार्यपालिकामा उनको स्पस्ट बहुमत छ ।

नगरपालिकाको पहिलो बैठकले कार्यालय बगाहा (तत्कालीन गाविसको कार्यालय) बाट सबैलाई केन्द्र पर्ने कर्जन्हामा राख्ने सर्वसम्मतिबाट पारित गऱ्यो । तर केही व्यक्तिहरूले केन्द्र सारेको निहुँ बनाएर पुनरावेदन अदालतमा मुद्दा हाले । पुनरावेदन

अदालतले उनीहरूको मुद्दा सदर गऱ्यो । त्यसपछि अदालतको आदेशअनुसार नै बगाहामा कार्यालय सारेर पिपलको रूखमुनि बसेर नगरपालिकाले जनतालाई निरन्तर सेवा दियो ।

फेरी, मेयर बगाहा कार्यालयमा उपस्थित हुँदैनन् भन्ने मिथ्या आरोप लगाउँदै विरोधीहरूले अर्को मुद्दा हाले । यद्यपि, नगरपालिकाले त्यहाँ काम गरेको यथेष्ट प्रमाणहरू भएको मेयर पासवानले दाबी गरेका छन् । यसरी उनको टिमले काम गर्दै गयो, विरोधीहरू मुद्दा हाल्दै गए । पासवानको अनुभवमा जनताको बीचमा बसेर युद्ध लड्न सजिलो, तर सदियौँदेखि एकलौटी राज गर्दै आएकाहरूसँग मुकाबला गर्न ज्यादै गाह्रो भएको छ ।

उनको मन किन दुखेको थियो भने नगरपालिकाको केन्द्र राख्ने विवादमा केही वडा अध्यक्षहरू पनि विभाजित भए । उनीहरू बैठकमा अनुपस्थित हुन थालेपछि नगरपालिकाको दैनिक काममा बाधा पुग्न गयो । नगरपालिकाको केन्द्रको विवाद मिलाउन बसेको बैठकले सात सदस्यीय समिति गठन गऱ्यो र यसले नगरपालिकाको जमिन खोजी गर्ने निर्णय भयो । विशेष नगर सभाले केन्द्रको टुङ्गो लगाउने भनी नगर सभा गरियो तर उक्त नगरसभा बिथोल्न विरोधीहरूले ढुङ्गामुढा र आगजनी गरे । तथापि, भोटिङमा कर्जन्हाको बहुमत आयो । उनीहरूले भोटरलाई वन्दी बनाएका कारण दुई तिहाइ भने आउन सकेन ।

यसरी विपक्षीका लागि केन्द्र राख्ने विवाद त एक बहाना मात्र थियो । उनीहरूले मुख्य ध्येय भनेको यो नगरपालिकालाई सम्पूर्ण रूपले असफल बनाउने थियो । त्यसैले, उनीहरू व्यक्ति आक्रमणमा उत्रेका थिए । यसक्रममा उनीहरूले नगरपालिकाका गाडी तोडफोड, आगजनी गरे । त्यस्तै, उनीहरूले पत्रपत्रिका एवम् समाचारमा भने नगरप्रमुखबाट आगजनी तथा चक्का जाम गरियो भनेर दुश्प्रचार गरेर उनलाई मानसिक पीडा दिएका थिए । यतिसम्म कि उनीहरूले पहाडे र मधेसीबीच फाटो ल्याएर मेयरलाई असक्षम साबित गर्ने प्रयास गरेका थिए । त्यसपछि नगरपालिकाद्वारा आगजनी तथा तोडफोडमा संलग्न व्यक्तिहरूमाथि सार्वजनिक मुद्दा लगाइयो । यद्यपि, उनीहरू खुलेआम हिंड्दा पनि प्रहरी प्रशासन मूकदर्शक बनेको छ । उनीहरू गिरफ्तार भएनन् । कुनै कारबाही पनि हुन सकेन ।

माओवादी र एमालेबीच पार्टी एकता भए पनि यसको प्रभाव नगरपालिकाकामा परेको छैन । दलित समुदायको नेतृत्व अस्वीकार गर्ने झुण्ड अहिले पनि

नगरपालिकाको कार्य सम्पादन कसरी असफल पार्ने भन्नेतिर केन्द्रित भइरहेको छ । यसकारण मेयर पासवानलाई दलित समुदायको लागि यो समाजमा काम गर्न सजिलो छैन भन्ने कुराको अनुभूति भइरहेको छ । किनकि, उनको महत्त्वपूर्ण समय त मुद्दा खेप्दै बित्यो ।

पासवानका विचारमा दलित महिला सदस्यहरू काम नै गर्न नसक्ने कमजोर छैनन् । तर पनि दलित महिला सदस्यहरूमा केही कमि, कमजोरी र समस्याहरू भएको उनी महसुस गर्छन् । खासमा मधेसी महिलाहरू वर्षौंदेखि घरदेखिभित्रै कैद थिए । त्यसमा पनि मधेसी दलित महिला झनै उत्पीडनमा छन् । उनीहरूलाई पहिले त बाहिरी संसारलाई बुझ्न नै केही समय लाग्छ । त्यसकारण उनको ठम्याईमा यस्तो समूहबाट तत्काल ठूलै अपेक्षा राख्नु उचित हुँदैन ।

तर पनि वडा कार्यालयमा दलित महिला सदस्यहरूलाई जिम्मेवारविहिन बनाइनु हुँदैन भन्ने उनको जोड रहेको छ । यस्तै अवस्थामा उनीहरूको कार्यक्षमताको विकास हुन सक्दैन । किनभने, जिम्मेवारी र कामले अनुभव र बोल्न सिकाउँछ । उनीहरूलाई जिम्मेवारी दिन आवश्यक देखिन्छ । उनको विचारमा दलित महिला जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न प्रकारका तालिमको व्यवस्था अविलम्ब गरिन आवश्यक छ ।

## बाह्य भन्दा आन्तरिक द्वन्द्वमा अल्झेको छु

**बेचन दास**

*(मेयर, विदेह नगरपालिका, धनुषा )*

बेचन दास धनुषा जिल्लाअन्तर्गत विदेह नगरपालिकाका प्रमुख हुन् । ४४ वर्षीय दासले एसएलसी सम्मको अध्ययन पूरा गरेका छन् । उनको अनुभवमा आन्तरिक द्वन्द्वको कारण कार्य सम्पादन सन्तोषजनक हुन सकेको छैन । मेयर दासले नगरपालिकामा बाह्य तथा आन्तरिक दुबै द्वन्द्व बढ्नुमा जातको विषय प्रमुख कारण भएको कुरामा जोड दिए । त्यसैले, उनले दलित समुदायबाट मेयर पदमा विजयी हुनु नै उनको जीवनको प्रमुख चुनौती रहेको बताउँछन् ।

लामो समयदेखि राजनीतिमा आबद्ध रहदै जनताको काम गर्दै आएका दास २०५४ सालको स्थानीय चुनावमा स्वतन्त्र उम्मेदवार भई लडेका थिए । पछि तत्कालीन माओवादीबाट प्रभावित उनी माओवादी आन्दोलनमा लागेका थिए ।

स्थानीय निर्वाचनमा पार्टीबाट टिकट पाउन निकै कठिन भयो । उनलाई पार्टीभित्रैबाट स्वीकार नगर्ने अवस्था सिर्जना भयो । पार्टीले उनलाई टिकट दिने सम्भावना कम थियो तर उनको नगरपालिकाकाका जनता मानेनन् । उनले पनि पर्टीभित्र फरक मत राखे । उनले मेयरमा टिकट नदिए स्वतन्त्र लड्ने र जितेर देखाइदिने चुनौती दिँदै सबै वडाहरूमा प्रचार गर्न थाले । त्यसपछि मात्र पार्टीले बाध्य भएर उनलाई उमेदवार बनाएको थियो ।

तर, आजसम्म पनि गाउँका केही उच्च जाति भनिएका व्यक्तिहरूका निम्ति उनी स्वीकार्य छैनन् । यसको मतलब प्रष्ट छ कि दलित जनप्रतिनिधिलाई नेतृत्वको रूपमा स्वीकार गर्न उनीहरू अझ पनि तयार छैनन् । वर्षौदेखि एकछत्र शासन गर्दै आएकाहरूले उनको नेतृत्वलाई सहर्ष स्वीकार गर्न सकेका छैनन् । किनकी, त्यो समूह विभिन्न प्रकारका आरोप, लाल्छना लगाउने तथा चरित्रहत्या गर्नेतिर उद्धत रहदैआएको छ ।

दासका अनुसार यस नगरपालिकामा मिश्रित सदस्यहरू रहेकाले कुनै पनि निर्णय प्रक्रियामा सहज तरिकाले हुन सकेको छैन र विकास निर्माणमा बाधा पुग्न गएको छ ।

तर, उनी नगरप्रमुख भएपछि देखिने गरी केही कार्यहरू भएका छन् । त्यसमध्ये विगतमा १५ हजारमात्रै भन्सार पनि नउठ्ने ठाउँमा अहिले मासिक झण्डै ८ देखि १० लाखसम्म राजश्व उठने गरेको छ ।

त्यसैगरी, नगरपालिकाले सीमान्तकृत, दलित तथा गरिब विद्यार्थीहरूको लागि निःशुल्क लोक सेवा परीक्षा तयारी कक्षाहरू सञ्चालन गर्दै आएको छ । उनको कार्यपालिकामा दलित महिलाहरू नभए पनि उनी सीमान्तकृत, दलित तथा गरिब जनतालाई केन्द्रमा राखेर काम गरिरहेका छन् ।

सबै समुदायका मानिसहरूको प्रतिनिधित्व हुनसकेको अहिले व्यवस्थाप्रति उनी सकारात्मक छन् तर वडा अध्यक्षहरूको असहयोगका कारण पनि काममा ढिलाई भइरहेको छ । किनभने, उनीहरूले दलितलाई मेयरको रूपमा स्वीकार गर्न अझै पनि सकिरहेका छैनन् । उनीहरूले विभिन्न उपभोक्ता समिति गठन गर्दा आफ्ना मान्छेहरूलाई मात्र राख्ने र आफूले चाहेको ठाउँमा मात्र योजनाहरू पार्न जोड गर्दै आइरहेका छन् ।

उनले वडा सदस्यहरूले पाउनु पर्ने सेवा र सुविधा सहज र सरल रूपले नपाएको गुनासो आएपछि सिधै बैंकमार्फत पाउने व्यवस्था गरेका छन् । जुनसुकै दलको वडा सदस्य भए पनि उनलाई साथ दिएका छन् । उनको काम गर्ने शैलीको प्रशंसा भएको छ । अहिले उनी दलितका बालबालिकालाई विद्यालय पठाउने, बढी भन्दा बढी शिक्षामा लगानी गर्ने प्रयासमा छन् । यसरी मेयर बेचन दास अबको चार वर्षमा यो नगरपालिकाकालाई संमृद्ध तथा जातीय विभेद तथा छुवाछूतमुक्त बनाउन दृढताका साथ लागिरहेका छन् ।

## परिवर्तन सम्भव छ

**टीकामाया बि.क. (लक्ष्मी)**

*(बर्दिवास नगरपालिका-३, कार्यपालिका सदस्य)*

स्थानीय तहमा निर्वाचित दलित महिला वडा सदस्यहरूमा केही कुराको समानता छ । त्यसमा मुख्यगरी गरिबीले आक्रान्त पारिवारिक पृष्ठभूमि, औपचारिक शिक्षाको अभाव, राजनीतिमा नयाँ र चुनौती मोल्न सक्ने ज्ञान र अनुभवको कमी । टीकामाया बि.क. बर्दिवास नगरपालिका वडा नं. ३ बाट अत्याधिक मतबाट निर्वाचित दलित महिला सदस्य तथा कार्यपालिका सदस्य हुन् । कठिन आर्थिक स्थितिका बाबजुद पनि उनले एसएलसी सम्मको अध्ययन पूरा गरेकी छन् । त्यसैले, उनलाई गाउँमा हिलोमा हुर्केको फुलको संज्ञा दिने गरेका छन् ।

उनको नगरपालिकामा आफ्नो पार्टीको बहुमत भएकोले काम गर्न त्यति गाह्रो छैन, तर पनि दलित महिला जनप्रतिनिधिहरूले अनेकन चुनौतीको सामना गर्नु परिरहेको छ । उनको अनुभवमा पनि यो अवधिमा सोचेजति काम भएको छैन । त्यसमा पहिलो अनुभव, ज्ञानको कमि र अन्य प्रक्रियागत समस्याका कारण काम हुन नसकेको उनी बताउँछिन् ।

स्थानीय तह लामो समयदेखि रिक्त रहेकोले जनताका धेरै अपेक्षा हुनु स्वभागिक थियो । बि.क.का अनुसार पर्याप्त बजेट थिएन र आवश्यक योजना पनि नबनेकोले सोचेअनुरूप काम हुन सकेन । तर पनि उनी बाटो विस्तार, दलित बालबालिकाको शिक्षा, गर्भवती, सुत्केरी महिलाहरूको लागि उचित स्वास्थ्य सेवाको व्यवस्था गर्नका लागि नगरपालिकामा निरन्तर आवाज उठाउँदै आएकी छन् । यसरी यो एक वर्षमा जनतामा टीकाको टीमले काम गर्न सक्छ भन्ने बनेको छ । जनप्रतिनिधि भएपछि झैझगडा लगायत मुद्दामा ठूलावडाले पनि उनलाई बोलाउने गर्छन् ।

उनी कार्यपालिकाको बैठकमा दलित, महिला, गरिब तथा बालबालिकाको सवाललाई प्राथमिकताका साथ उठाउँदै आइरहेकी छन् । उनको आगामी योजना भनेको 'दलित वस्तीमा एक धारा एक सौचालय' को अभियानलाई अगाडि बढाउने रहेको छ । पहिलो वर्षको बजेट विनियोजनमा उनको वडामा लक्षित वर्गहरू भनेर महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, वृद्ध-वृद्धा शीर्षकमा बजेट विनियोजन भयो, तर दलित समुदाय भनेर बजेट विनियोजन हुन सकेन । उनले यस विषयमा वडा अध्यक्षसँग कुरा गर्दा हामीले हेर्ने ठाउँमा दलितलाई हेरेकै छौं, किन छुट्टै शीर्षक चाहियो भन्ने जवाफ पाइन । त्यसैले, उनी लक्षित समुदायभित्र दलितलाई राखेर बजेट विनियोजन गर्न प्रयासरत छन् ।

टीकामाया जातीय छुवाछूतले जरा गाडेको समाजमा हुर्किइन । आरक्षणबाट आउनेहरू क्षमताविहीन हुन्छन् भन्ने आरोपको खण्डन गर्छिन । नजान्नेलाई प्रोत्साहित गरिंदैन । बरू बेलाबखत उल्टै तनाव दिने गरिएको उनले पनि सुन्दै आइरहेकी छन् । दलित समुदायका अन्य जनप्रतिनिधि जस्तै टीकामायालाई पनि संविधान, कानून र दलित अधिकारबारे धेरै जानकारी छैन । तैपनि उनी अध्ययन सामग्री तथा आवश्यक तालिमको व्यवस्था भएमा मिहिनेत गरी सबै चुनौतीको सामना गर्न आफू तयार रहेको बताउँछिन् ।

## सोचे अनुरूप काम गर्न गाह्रो रैछ

**शोभा बि.क.**
*(हरिवन नगरपालिका सदस्य तथा कार्यपालिका सदस्य, सर्लाही)*

शोभा बि.क. हरिवन नगरपालिका वडा नं. ५ तथा कार्यपालिका सदस्य हुन् । सामान्य परिवारबाट आएकी शोभाले एसएलसी सम्मको अध्ययन सकेकी छन् । समाजमा असमानता, जातीय विभेद व्याप्त थियो । ती विकृति मैले नहटाए कसले हटाउने जस्ता प्रश्न उनले आफैलाई गरिन् । त्यसैले, उनी यसको उत्तर खोज्दै उत्प्रेरित भएर राजनीतिमा लागिन् ।

यो अवधिमा उनले आफू बोलेपछि त्यसको प्रभाव हुने रहेछ भन्ने कुरा महसुस गरिन् । किनेकी, उनले आवाज उठाएपछि आफ्नो वडा स्वास्थ चौकीलाई चाहिने औषधी जुटाउन सकिन् । स्वास्थ्य चौकी र विद्यालयलाई रकम दिलाउन

सफल भइन् । त्यस्तै, उनकै सक्रियतामा जेष्ठ नागरिकलाई जागरूक गराउने, सामाजिक सुरक्षा भत्ताको अभियान, गाउँ-गाउँमा खाने पानीको व्यवस्था र छुवाछूतसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू भए । तैपनि अहिले दलितसम्बन्धी स्पस्ट व्यवस्था नभएका कारण दलितमैत्री बजेट तथा कार्यक्रम पार्न नसकेकोमा उनी दुःखी छन् ।

अहिले पनि गाउँमा हुने विवाह, भोज-भतेर र मन्दिरमा जाँदा जातीय विभेद हुने गरेको छ । केही समय अगाडि उनको नगरपालिकामा एउटा जातीय विभेदको घटना घट्यो तर प्रहरीले घटनालाई दर्ता गर्न मानेन । दलित प्रतिनिधिको हैसियतले उक्त घटना दर्ता गर्न उनी प्रहरी चौकीमा बारम्बार धाउदा पनि प्रहरीले जाहेरी लिन मानेन । कुरा के रहेछ भने उक्त घटनालाई वडा अध्यक्षले केही रकम लेनदेन गरेर मिलाएका रहेछन् । त्यसले उनको मन दुखायो र उनले त्यस्ता व्यक्तिको चरित्रलाई बुझ्ने मौका पाइन ।

यसरी सामाजिक काम गर्दा धेरै चुनौतीहरूको सामना गर्न परेको उनको अनुभव छ । दलित महिला केवल ताली बजाउन मात्र आएका होइनन् भन्ने कुरामा उनी जोड दिँदैआएकी छन् । तर पनि उनलाई जातीय विभेद र छुवाछूतसम्बन्धी कानूनी व्यवस्था र दलित समुदायका अधिकारका साथै अन्य नीति नियमबारे जानकारी नहुँदा उनी आफूलाई कमजोर महसुस गर्छिन ।

## अन्योलको वातावरण छ

**श्यमसुन्दर पासवान**

*(जितपुर सिमरा उप-महानगरपालिका तथा कार्यपालिका सदस्य, बारा)*

श्यामसुन्दर पासवान जितपुर सिमरा उप-महानगरपालिकाका कार्यपालिका सदस्य हुन् । आफ्नै दाजुबाट प्रभावित भएर राजनीतिमा प्रवेश गरेका पासवानले प्रविणता पत्र (आइए) तहसम्मको अध्ययन गरेका छन् । उनी सहिद परिवारबाट कार्यपालिका सदस्य हुने बारा जिल्लाकै एकमात्र व्यक्ति हुन् । उनी कार्यपालिका सदस्य भएपछि दलित अधिकार तथा शिक्षामा जोड दिँदैआएका छन् । तर बैठकमा दलित, सीमान्तकृत तथा गरिब जाति र समुदायको मुद्दा उठाउँदा नगरपालिकाका प्रमुख र उप-प्रमुखबाट कुनै सुनुवाइँ हुँदैन । त्यसैले, उनी लगायत अन्य सदस्यहरू पीडित रहेको उनको गुनासो छ ।

दलित समुदायका अरू सदस्य जस्तै पासवानले पनि स्पष्ट कानूनी अभावका कारण दलितमैत्री बजेट छुट्याउन नसकिएको बताए ।

त्यस्तै, नयाँ कानूनमा दलितसम्बन्धी के के व्यवस्था छन्, कसरी स्थानीय निकाय सञ्चालन गर्ने इत्यादि विषयमा उनलाई जानकारी छैन । नगरपालिकामा आएको रातो किताब अध्ययनका लागि माग गर्दा कति महिनासम्म उपलब्ध गरिएन । जनप्रतिनिधिलाई समेत सूचना पाउने हकबाट वञ्चित गरियो । स्थानीय तहबाट के कार्यक्रम कसरी गर्ने, कार्यक्रम स्वीकृत गर्ने प्रक्रिया कसरी गर्ने हो भन्ने जस्ता महत्त्वपूर्ण विषयमा कसैले जानकारी गरिँदैन । धेरैपछि मात्रै निर्देशिका तथा नियमहरू अध्ययन गरेपछि बल्ल उनले थाहा पाए ।

उनलाई आफ्नै सहकर्मीले आरक्षणबाट आएको 'टिके' भनी हतोत्साहित गर्न खोज्दा दुःख लाग्छ । त्यसैले, यस्तो आरोपलाई चिर्नको निम्ति दलित प्रतिनिधिहरू डटेर अगाडि बढ्नु पर्छ र आफूलाई सक्षम साबित गर्न थप मेहनत गर्नु पर्ने उनको सुझाव रहेको छ ।

त्यसैगरी, दलित महिला सदस्यहरूलाई वडा अध्यक्षले बैठकमा बोलाउदैनन् । एक महिनमा तीनवटा बैठक बस्नुपर्छ, तर तीनवटा बैठकको एकैचोटी हस्ताक्षर गराउँछन् । पासवानको विचारमा विषयगत समितिमा कार्यपालिका सदस्यलाई सहभागी नबनाउने कुरा ऐनको उल्लङ्घन हो । अहिले उनकै पहलमा नगरपालिकाको नगर सभाबाट आयआर्जनमूलक, चेतनामूलक र गरिब समुदायको लागि कार्यक्रम पास भएको छ ।

उनको अनुभवमा पछि पारिएका जाति र समुदायलाई नगरपालिका तथा गाउँपालिकाले पनि दलित नै बनाएको छ । किनकि, अन्य जातिका प्रतिनिधिहरूले कार्यपालिका सदस्य भनेका हामीले भोट हालेका हुन्, हामीले पैसा खर्च गरेका छौं, उनीहरूले पैसा खर्च गरेका छैनन्, उनीहरूलाई किन सेवा सुविधा चाहियो भन्ने जस्ता विवाद गरेर छुट्याउने गर्छन् । वडा सदस्यहरूको आवाज नगरपालिकासम्म पुग्दैन नै, वडा बैठकमा उठाएका विषय पनि वडा अध्यक्षले नगरपालिकासम्म पुऱ्याउदैनन् । आफूखुशी गर्छन् ।

पासवानले पनि दलित महिला सदस्यको लागि क्षमताविकास तालिम, कानूनी, प्रशासन तथा दलित अधिकारसम्बन्धी तालिम आवश्यक भएको कुरामा जोड गरेका छन् ।

## नगरपालिकाको कामप्रति सन्तुष्ट छैन

### चमेलीदेवी राम चमार

*(दलित महिला सदस्य तथा कार्यपालिका सदस्य, रौतहट)*

चमेलीदेवी राम चमार ईशनाथ नगरपालिका–६ बाट निर्वाचित दलित महिला वडा सदस्य तथा कार्यपालिका सदस्य हुन् । चमेलीदेवीले धेरै पढेकी छैनन् । त्यसैले, काम गर्नेक्रममा असजिलो महसुस गरेकी छन् । वडा प्रतिनिधि भएपछि नाम, इज्जत र सम्मान बढिरहेको बताउने चमेलीदेवी आगामी दिनमा पनि राजनीतिमा सक्रिय भएर काम गर्ने उनको अठोट रहेको छ ।

जनप्रतिनिधिका रूपमा गर्नुपर्ने काम थुप्रै छन्, तर धेरैजसो बैठकहरूमा प्रश्नोत्तर मात्र हुन्छ । कति कुरा त उनलाई बुझ्न पनि गाह्रो हुन्छ । बैठकमा महिला तथा दलितका सवाल उठाउँदा त्यति महत्त्व दिँइदैन । नगरपालिकाभित्र कर्मचारीदेखि लिएर सबै आ–आफ्नै तरिकाले चल्छन्, के के भइरहेको हुन्छ उनी लगायतलाई थाह हुँदैन ।

उनको विचारमा कार्यपालिकामा सबै सदस्यको आवाजको सुनुवाइ हुनुपर्छ । तर दुःखको कुरा त्यस्तो हुन सकेको छैन । वडा अध्यक्षले, 'मैले काम गरे म ख्याती पाउँछु, म तिमीलाई पैसा दिएपछि मेरो राजनीति त डुब्छ', भन्ने गरेको उनले बताइन । चमेलीदेवी आफ्नो पढाइ नभएकोले काम गर्न अप्ठेरो भएको र राजनैतिक रूपमा अगाडि बढ्न पनि नसकेको बोध गरेकी छन् । त्यसैले, उनी दलित महिला सदस्यहरूलाई जातीय विभेदसम्बन्धी कानूनी ज्ञान र राजनैतिक प्रशिक्षण आवश्यक भएको कुरामा जोड गर्दै आइरहेकी छन् ।

## चुलो चौकादेखि जनप्रतिनिधि सम्मको यात्रा सहज भएन

### धनदेवी सदा मुसहर

*(डाक्नेश्वरी नगरपालिका सदस्य तथा कार्यपालिका सदस्य, सप्तरी)*

धनदेवी सदा मुसहर डाक्नेश्वरी नगरपालिका वडा नं. ७ बाट विजयी दलित महिला सदस्य तथा कार्यपालिका सदस्य हुन् । आफ्नो खेतीपाती र चुलोचौका गर्न जानेकी धनदेवी जनप्रतिनिधि बन्नुमा उनका श्रीमान् (घरवाला)को ठूलो हात रहेको उनको भनाइ रहेको छ । सदियौंदेखि जातीय विभेद, असमानतामा पारिंदै आएको

मुसहर समुदायका निम्ति केही गर्नुपर्छ भन्दै श्रीमान्ले सदैव उनलाई प्रोत्साहित गर्दै आइरहेका छन् ।

पहिले उनको दैनिकी सामान्य थियो, घरको चुलो चौकोमै बित्थ्यो । अहिले जनप्रतिनिधि हुँदा उनले केही न केही कुरा बुझ्ने मौका पाएकी छन् । चित्त नबुझेको कुरा गर्दैआएकी छन् । जनप्रतिनिधि भएपछि जनताको अपेक्षा हुने रहेछ तर आफ्नो ठाउँको लागि आवश्यक काम गर्न नसक्दा भने उनलाई पीडा हुन्छ । उनीहरू आफै बैठक बस्छन् र आफै योजना तर्जुमा गरेर काम गरेका छन् । के काम गरेका छन् भन्ने कुरा उनलाई त्यति थाहा छैन । उनलाई कुनै निर्णय प्रक्रियामा सामेल गरिंदैन ।

उनलाई पनि दलितसम्बन्धी कानूनी व्यवस्थाबारेमा जानकारी छैन । कानूनी ज्ञान नभएकै कारण वडा अध्यक्षबाट मनपरी भएको हो भन्ने उनलाई अनुभूति भएको छ । गाउँका मान्छेहरूले दलितले जितेर गएका छन् तर काम भएको छैन भनी आरोप लगाउँछन् । यद्यपि, उनी लगायतले दलितको शीर्षक नै तोकेर बजेट छुट्याउनु पर्छ भनेर माग गर्दै आएका छन् । तर, उनीहरूको आवाजको भने सुनुवाइ भएको छैन ।

वडा अध्यक्षले उनलाई यो सुविधा दिन्छु, त्यो सुविधा दिन्छु भनेर हस्ताक्षर गराउँछन तर सुविधा केही पनि दिएका छैनन् । वडा अध्यक्षले आफूखुशी खर्च गरेका छन् । कुनै समस्या लिएर जाँदा वडा अध्यक्षले ठाडो कुरा गर्दछन् । उनी जस्ता वडा सदस्यहरूले आफ्नो वडामा खर्च गर्न पाउँछन कि पाउँदैनन, उनको यहि प्रश्न रहँदैआएको छ । उनले स्थानीय सरकार कसरी सञ्चालन हुन्छ, उनीहरूका अधिकार के के हुन्, छुवाछूतसम्बन्धी कानूनी प्रावधान आदिका बारे सचेतना कार्यक्रम आवश्वयक रहेको जानकारी गराउँदै आएकी छन् ।

## चुनौतीहरूसँग लड्दै सेवा दिइरहेका छौं

**यज्ञकुमारी रूचाल (बिके)**

*(उपाध्यक्ष, चौबिसे गाउँपालिका, प्रदेश नं. १, धनकुटा)*

यज्ञकुमारी रूचाल चौबिसे गाउँपालिकाकी उपाध्यक्ष हुन् । स्नातकसम्मको अध्ययन पूरा गरेकी रूचाल लामो समयदेखि सामाजिक कार्यकर्ताको रूपमा क्रियाशील थिइन् । उनले एक वर्षको अनुभव सकारात्मक रहेको तर न्याय समितिमा कर्मचारी नहुँदा अपेक्षाकृत न्याय दिन समस्या भएको बताइन ।

त्यसैगरी, महिला भएकै कारण न्याय दिन सक्दैनन् भन्ने पुरातनवादी सोचका विरूद्ध उनी निरन्तर लड्दैआएकी छन् । छोरीले अंशको दाबी गर्नुहुँदैन भन्ने विचार अहिले पनि समाजमा गढेर रहेकोले न्याय खोज्न मानिसहरू हत्तपत्त आउँदैनन् । त्यसमा पनि दलित महिलाले न्याय दिन सक्छन् भन्ने विश्वास समाजमा छँदै छैन । यो कुरा अर्को चुनौती बनेको उनले अनुभूत गरेकी छन् ।

उनी गाउँपालिकामा एक शिक्षित उपाध्यक्षको रूपमा हुँदा झन् इज्जत, सम्मान र आदर पाएको महसुस गरिकी छन् । त्यस्तै, सबै वडाहरूमा दलित महिलाहरूको राम्रो उपस्थिति रहेकोमा खुशी छन् । तर दलित महिला वडा सदस्यहरू पहिलो पटक यो स्थानमा आएको हुँदा उनीहरूमा केही कमजोरी रहेको उनी स्वीकार गर्छिन । त्यसैले, उनको विचारमा सबैभन्दा पहिले राजनैतिक दलहरूले दलित महिला वडा सदस्यहरूलाई सक्षम बनाउनतिर ध्यान दिनु पर्दछ । त्यसो भएको खण्डमा उनीहरू सक्षम र क्षमतावान भई आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पादन गर्नसक्ने उनको विश्वास छ ।

आरक्षणबाट आएका हुन्, केही जान्दैनन् भनेर मानसिक पीडा दिने काम तत्काल रोकिनु पर्नेमा उनको जोड रहेको छ । यसका साथै, दलित महिला तथा वडा सदस्यहरूलाई क्षमतावान बनाउँदै सरोकारवाला निकायले विशेषगरी क्षमता अभिवृद्धि, नेतृत्व विकास तथा कानूनी अभ्याससम्बन्धी प्रशिक्षण तथा तालिम दिनुपर्ने आवश्यकमाथि जोड गर्दै आइरहेकी छन् ।

तुलनात्मकरूपमा यस गाउँपालिकामा दलितका लागि विभिन्न योजनाहरू तर्जुमा गरिएको छ । लक्षित बजेट भनेर नछुट्याइए पनि दलित समुदायको लागि पर्याप्त बजेट विनियोजन गरिएको उनको भनाइ रहेको छ । तर पनि दलित लक्षित बजेट नामाकरण हुनुपर्छ भनी उनी निरन्तर आवाज उठाउँदै आएकी छन् । यद्यपि, त्यसको वहुमतले कार्यान्वयन हुन दिएन । उनको टिम अल्पमतमा परेको छ । विगतमा लक्षित बजेट भनेर छुट्याएको बजेट दलित समुदायकै हुने खानेले मात्र उपयोग गरेको आरोप उनीहरूले लगाउँदै आएका छन् । उपाध्यक्ष रूचालका अनुसार गाउँपालिकाले दलित प्रोफाइल तयार गरिरहेको छ । त्यसकै आधारमा जुन समुदाय पींधमा छ, उनीहरूका लागि आगामी योजना तथा कार्यक्रम सञ्चालन गरिने छ ।

## दलित महिलाहरूलाई कमजोर बनाइदैछ

### सुरेन्द्र श्री (विश्वकर्मा)

*(तिलोत्तमा नगरपालिका, कार्यपालिका सदस्य, लुम्बिनी प्रदेश, रूपन्देही)*

सुरेन्द्रश्री तिलोत्तमा नगरपालिकाका कार्यपालिका सदस्य हुन् । लामो समयको राजनैतिक रिक्ततापछि स्थानीय स्तरमा जनप्रतिनिधित्व हुन सकेकोले काम गर्न सकिन्छ भन्नेमा उनी आशावादी छन् । उनका अनुसार सङ्ख्यामात्रै ठूलो हुनुले सबै कुरा सुनिश्चित हुने नभएर प्रतिनिधिहरूको भूमिका गुणात्मक हुन जरूरी छ । दलित महिला वडा सदस्यहरूमा देखा परेका समस्यालाई राजनैतिक रूपले समाधान गरिनु पर्ने उनको तर्क छ ।

प्रत्येक राजनैतिक दलले आफ्ना जनप्रतिनिधिहरूलाई प्रशिक्षण दिएर सक्षम बनाउन आवश्यक छ । उनका अनुसार राजनैतिक दलहरूले उमेदवार उठाउने र जिताउने गर्छन् । तर प्राप्तभएको उपलब्धिलाई व्यवहारिक रूपमा कार्यान्वयन नगर्ने चुनौती देखिएको छ ।

सुरेन्द्रश्रीका विचारमा पनि दलित महिला वडा सदस्यहरूलाई वडाको बैठकमा कम प्राथमिकता दिने, बैठकमा आए नआएको कुनै मतलब नगर्ने र सकेसम्म बैठकमा नआए हुन्थ्यो जस्तो व्यवहार गरिन्छ । जसका कारण, दलित तथा सीमान्तकृत समुदायका मुद्दाहरू उठ्ने गरेका छैनन् । उनका अनुसार अहिले नगरपालिका तथा गाउँपालिकामा बोल्न र तर्कसङ्गत तरिकाले आफ्नो कुरा राख्नसक्ने ठाउँमा पनि दलितका लागि बजेट छुट्याउन चुनौतीको विषय बनेको छ ।

त्यस्तै, दलित महिलाहरूलाई वडामा कामको जिम्मेवारी कम दिइने, कमजोर भएको भन्दै मानसिक रूपमा शोषण गर्ने तथा नगरपालिकामा बन्ने विभिन्न समितिहरूमा सदस्यसम्म दिन नमान्ने जस्ता कार्यको सामना गर्नु परेको छ । त्यसकारण गुणात्मक परिवर्तन ल्याउन उनीहरूलाई अभिव्यक्तिको कौशललगायत सिकाइको खाँचो छ । दलित महिला सदस्यलाई अवसर दिए पनि काम गर्न सक्दैनन् भन्ने हल्ला फिजाउने कार्य भएको छ, जो उनीहरूका निम्ति गम्भीर चुनौतीको विषय बनेको छ । उनको अनुभवमा पनि यस नगरपालिकाका दलित महिला वडा सदस्यहरूलाई नेतृत्व विकास तालिम, स्थानीय निकायको काम, कर्तव्य तथा अधिकार र उत्तरदायित्वसम्बन्धी तालिम दिन आवश्यक रहेको छ ।

# स्रोत–साधनको अभाव छ

## कलावती कुमारी भाँड

*(उपाध्यक्ष, अजयमेरू गाउँपालिका, सुदूरपश्चिम प्रदेश, डडेलधुरा)*

कलावती भाँड अजयमेरू गाउँपालिकाबाट निर्वाचित उपाध्यक्ष हुन् । उनले सानै उमेरदेखि चरम जातीय अपमान भोग्नु परेकोले यसको विरूद्ध लड्न राजनैतिक सङ्गठनमा लागेकी हुन् । उनीसँग विभिन्न सङ्घ/संस्थामा रहेर सामाजिक काम गरेको लामो अनुभव रहेको छ । उनको विचारमा पनि सन्तोषजनक कार्य हुन नसक्नुमा स्थानीय तहमा दलितको पहिलो पटक उपस्थिति र स्थानीय सरकार कसरी सञ्चालन हुन्छ भन्ने ज्ञानको अभाव रहेका छन् । उनले अनुभूति गरेको एउटा मुख्य चुनौती भनेको एकछत्र राज गर्दै आइरहेको समूहले दलितको नेतृत्व स्वीकार गर्न नसक्ने प्रवृत्ति हो ।

यस गाउँपालिकाका सबै वडाहरूमा एउटै राजनैतिक दलको प्रतिनिधित्व भएकोले काम गर्न उनलाई सहज लागेको छ । तर पनि कतिपय अवस्थामा दलित समुदायका जनप्रतिनिधिलाई घरबाट टपक्क टिपेर उपाध्यक्ष तथा सदस्यमा ल्याए जस्तो गर्ने मानसिकता देख्दा उनलाई दुःख लाग्छ ।

केन्द्रले न्यायोचित तरिकाले गाउँपालिकालाई प्रदान गर्ने सेवा सुविधा दिन सकेको छैन । त्यस्तै, काम गरेको अनुभव नभएकाले पनि बजेट आफ्नै तरिकाले सञ्चालन गर्न नसकिएको उनले महसुस गरिरहेकी छन् । यद्यपि, उनी दलित तथा सीमान्तकृत समुदायको लागि बजेट तथा कार्यक्रम ल्याउन निरन्तर प्रयास गर्दै आइरहेकी छन् ।

स्थानीय सरकारलाई न्याय दिनको लागि न्यायीक समितिको परिकल्पना गरिए पनि न्याय सम्पादन गर्न आवश्यक योग्य र अनुभवी कर्मचारीको व्यवस्था भएको छैन । धेरै जस्तो समय आन्तरिक व्यवस्थापनमै बितेको छ । प्रशासनिक एवम् ऐन कानूनहरूको अज्ञानता सबैभन्दा प्रमुख समस्या भएको उनले बोध गरेकी छन् ।

उनको विचारमा पनि दलित महिला वडा सदस्यहरूको क्षमता विकास गर्न आवश्यक भएको ठान्छिन् । उनीहरूलाई वडाको बैठकबारे सूचित नगर्ने, बैठकहरूमा नबोलाउने जस्ता विषय उनले पनि सुन्दै आएकी छन् । त्यसैले, यो समस्या

समाधान नगरिए जनमानसमा दलितले अवसर पाए तर सदुपयोग गर्न सक्दैनन् भनेर गलत सूचना फैलिन सक्ने उनले अवगत गराइन् ।

## वडामा दलित महिलालाई कुनै भूमिका दिँइदैन

**मीना सुनार**
*(काठमाण्डौ महानगरपालिका- १, बागमती प्रदेश)*

मिना सुनार काठमाण्डौ महानगरपालिका वडा नं. १ बाट विजयी दलित महिला वडा सदस्य हुन् । समाज सेवाका साथै स्वास्थ्य स्वयमसेवीकाबाट राजनीतिक जीवन सुरू गरेकी हुन् । उनले आफूले कुनै काम गर्न नपाएको बताएकी छन् । उनको वडामा एकल जातीय बाहुल्यता रहेको कारण अन्य समुदायको उपस्थितिलाई बेवास्ता गर्ने गरिएको उनको अनुभव छ । उनका अनुसार वडा कार्यालयका प्रतिनिधिहरूबाट मात्र होइन, वडामा काम गर्ने कर्मचारीहरूबाट पनि पीडित हुनु परेको छ ।

मिना सुनारमा पिछडिएका समुदायको निम्ति केही गर्न सक्छु भन्ने आँट अझै मरेको छैन तर वडामा भने त्यस किसिमको वातावरण छैन । उनको लागि यहाँ भाषाको पनि समस्या छ । वडामा बैठक बस्दा स्थानीय भाषा (नेवारी भाषा) प्रयोग गरिन्छ र बैठकको निर्णय सुनाइन्छ तर निर्णय के के विषयमा भयो नबुझिकन उनले हस्ताक्षर गर्नु पर्दछ ।

उनले कुरा उठाउँदा तपाईंलाई बोलाउँछौं भन्ने गर्छन् । तर उनीहरू आफै बैठक बसेर कार्यक्रम सञ्चालन गर्ने गर्दछन् । उनलाई वडामा बजेट कसरी सञ्चालन भइरहेको छ भन्ने कुरा थाहा हुँदैन । वडाका अन्य सदस्यहरूले बजेट तथा कार्यक्रम सहित गाउँ तथा टोलमा जाँदा उनी लज्जित हुनुपरेको छ । खासगरी उनी एक दलित महिला र गैरनेवार भएको कारण वडाका विभिन्न क्रियाकलापबाट वञ्चित हुनु परेको उनको गुनासो रहेको छ । उनका अनुसार वडा कार्यालयका कर्मचारीले पनि असहयोग गर्ने गरेका छन् । उनले कुनै सेवाग्राहीलाई पठाएर काम गरिदिनुहोस् भन्दा तीन चार दिनपछि मात्र गरिदिएको उनको अनुभव छ । वडामा रहेका दलित महिलाहरूलाई कुनै भूमिका नदिएर, सुनुवाइ नगरेर असक्षम देखाउने कार्य भइरहेको उनको ठहर छ ।

## जात र लिङ्गको आधारमा असक्षम देखाउने मनोवृत्ति चुनौती

**कल्पना नेपाली**
*(उपाध्यक्ष, आरूघाट गाउँपालिका, गण्डकी प्रदेश, गोरखा)*

कल्पना नेपाली आरूघाट गाउँपालिकाबाट विजयी गाउँपालिका उपाध्यक्ष हुन् । उनले नयाँ संरचनाअनुसार काम गर्नुपर्ने भएकोले काममा केही ढिलाइ भएको अनुभूति गरेकी छन् । काम गर्दा चुनौतीहरू आउनु स्वभाविक ठान्ने नेपालीले महिला तथा दलित भएकै कारण अपमान गर्ने, असक्षम देखाउने प्रयास गर्ने गरेको देख्दा उनलाई नमज्जा लागेको छ । त्यसैले, काम गर्न सक्षम भए पनि जात र लिङ्गको आधारमा असक्षम देखाउने सामाजिक मनोभावनाले चुनौती थपेको उनले बताइन् । अर्कोतर्फ, गाउँपालिकामा छलफल र सहमतीय प्रक्रियाअनुरूप नै काम हुने गरेको भए पनि कतिपय विषयवस्तुमा गाउँपालिका अध्यक्षको एकाधिकार कायमै रहने गरेको उनले महसुस गरेकी छन् ।

उनको विचारमा यस्तो हुनुमा राजनैतिक संस्कारमा हाबी भएको पुरूषवादी चिन्तनको कारणले गर्दा हो । राजनैतिक प्रभावमा परेर केही निर्णयहरू यस गाउँपालिकाअन्तर्गत रहेका १० वटा वडाका जनप्रतिनिधिको भावनाविपरीत गाउँपालिका अध्यक्षले विना छलफल निर्णय गर्दैआएका छन् । उनका अनुसार गैरदलितका जनप्रतिनिधिमा दलितको नेतृत्व सहजै स्वीकार नगर्ने परम्परागत मानसिकता अझै कायम रहेको छ ।

दलित महिला सदस्यको उपस्थितिलाई महत्त्व दिँइदैन । यस सन्दर्भमा, दलित महिला सदस्यले पनि बैठक कहिले बस्छ, के के कुराहरू गर्नुपर्छ भन्ने विषयमा चासो राख्नु पर्ने उनको सुझाव रहेको छ । त्यस्तै, अन्य जनप्रतिनिधिले पनि दलित महिलाले के नै गर्न सक्छन् र, भन्ने हेयदृष्टि त्याग्न जरूरी छ । अहिले लक्षित वर्गभित्र सोलोडोलो रूपमा गरिब, सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायका नाममा बजेट छुट्याइएको छ, पहिले जस्तो दलित भनेर छैन ।

उपाध्यक्ष कविताका अनुसार अहिले वडा तहमा मेलमिलाप केन्द्र तथा गाउँपालिकाअन्तर्गत पनि न्याय समिति गठन भएको छ । तर पनि उचित कर्मचारी व्यवस्थापन, विषयवस्तुको ज्ञान तथा स्पष्ट कानूनी ज्ञानको अभावका कारण प्रभावकारी न्याय दिन सकिएको छैन, जो एक मुख्य चुनौती बनेको छ । त्यस्तै, कर्मचारीहरूले आफूलाई सबै कुरा जानकार भएको भन्दै जनप्रतिनिधिहरूलाई

कमजोर ठान्ने प्रवृत्ति पनि अर्को चुनौतीको रूपमा खडा भएको छ । उनका अनुसार दलित महिला वडा सदस्यहरूलाई नेतृत्व विकास तथा सचेतना कार्यक्रममार्फत उनीहरूको क्षमता विकास गर्न आवश्यक देखिएको छ ।

## समावेशिताको भावना अपमानित भएको अनुभूति गरेकी छु

**गीता नेपाली (बि.क.)**

*(उप-प्रमुख, आठविसकोट नगरपालिका, कर्णाली प्रदेश, रूकुम)*

गीता नेपाली बि.क. आठविसकोट नगरपालिकाकी उप-प्रमुख हुन् । उनले कक्षा ८ सम्मको अध्ययन पूरा गरेकी छन् । उनका अनुसार सम्भावना धेरै छन्, तर राज्यको नयाँ संरचना बन्दै गर्दाको अवस्था भएकोले विविध समस्या पनि रहेका छन् । खासगरीकन व्यक्तिका बानी र व्यवहारमा परिवर्तन/पुर्नसंरचना हुन सकेको छैन । नगरपालिकालाई चाहिने नीति, नियम र कार्यविधि समयमा आउन नसकेकोले थप अन्यौल सिर्जना थपेको छ । त्यस्तै, कार्यविधि आएपछि आवश्यक कर्मचारीको व्यवस्थापन नहुन, मेयरको राजनैतिक व्यस्तता तथा मनोमानीका कारण पनि काम गर्न गाह्रो भएको उनको अनुभव रहेको छ ।

समाजमा राजनैतिक परिवर्तनपछि पनि युगौंदेखि जरो गाडेर बसेको सामाजिक संस्कार र दृष्टिकोणमा परिवर्तन आएको छैन । त्यसमा पनि दलित महिलालाई हेर्ने सोचाइ त झन् दयालाग्दो भएको उनले अनुभव गरेकी छन् । उप-प्रमुख नेपालीको विचारमा दलित महिलाभित्र पनि क्षमतावान महिला न भएका होइनन् तर उनीहरूले कुरा उठाउँछन् र आफ्नो ठाउँ ओगट्न सक्छन् भन्ने मनोभावले गर्दा केही नबुझ्ने, आफ्नो परिचय समेत दिन नसक्ने दलित महिलाहरूलाई कार्यपालिका तथा वडामा लगेर केवल कोटा पूर्ति गरिएको छ । त्यसपछि दलितलाई अवसर दिए पनि काम गर्न सक्दैनन् भनेर झुटो कुरा फैलाइएको छ ।

यहाँ अरू महिला जनप्रतिनिधि र दलित महिला जनप्रतिनिधिहरू एकै ठाउँमा बसेर चिया खाने सम्मको वातावरण छैन । गैरदलितका पुरूष जनप्रतिनिधि दलित महिला जनप्रतिनिधिको घरमा गएर खान समेत मान्दैनन् भने समाजको परिवर्तन कसरी हुनसक्छ ? उप-प्रमुख नेपालीको प्रश्न गर्छिन् । उनले आरक्षण, समावेशिताको भावनालाई अपमान गरेको अनुभूति गरेकी छन् । किनभने, यो त ठूला वडाहरूले दया र मायाले दिएको जस्तो व्यवहार गरिन्छ ।

कार्यपालिकामा मनोनित भएका दलित तथा महिला सदस्यहरूलाई विभेद गरिएको छ । उनीहरू प्रत्यक्ष जनताबाट जितेर आएका होइनन्, उनीहरूको जनताप्रति कुनै जवाफदेहि हुनुपर्दैन, उनीहरूमा वडा अध्यक्षको जस्तो भूमिका हुँदैन भनेर सेवा सुविधामा पनि यस प्रदेशले विभेद गरेको छ । अहिले वडा अध्यक्ष भन्दा माथिको तह कार्यपालिका सदस्य हुने भए पनि सेवा सुविधामा असमानता छ । उप-प्रमुख नेपालीले दलित समुदायको विकासको बजेट छुट्याउन ठूलो सङ्घर्ष गर्नु परेको थियो । नगरपालिकाले जस्तो बजेट तथा कार्यक्रम ल्यायो, नगरप्रमुखले जस्तो योजना नै पास गऱ्यो, त्यसमा आफ्नो विचार राख्ने वातावरण नभएकोले दलित समुदायका मुद्दाहरू ओझेलमा परेको देखिन्छ ।

# निष्कर्ष

२०६३ सालभन्दा अगाडि जारी गरिएका संविधान, कानून तथा निर्वाचन प्रणालीद्वारा नेपालका समग्र दलित समुदायलाई राजनैतिक बहिष्करणमा पारिएको देखिन्छ । उक्त समयमा राजा तथा राजनैतिक दलका नेताहरूको दया, माया स्वविवेक तथा टिके मानसिकताका आधारमा केही सङ्ख्यामा दलित समुदायका व्यक्तिहरूको राजनैतिक प्रतिनिधित्व गराइएको थियो ।

नेपालको अन्तरिम संविधान २०६३ तथा नेपालको संविधान २०७२ मा व्यवस्था गरिएको समानुपातिक प्रतिनिधित्वको सिद्धान्त र मिश्रित निर्वाचन प्रणालीसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेका निर्वाचनसम्बन्धी ऐन, कानून तथा निर्देशिकामा गरिएका व्यवस्थाअनुसार दलित समुदायको अनिवार्यरूपमा राजनैतिक प्रतिनिधित्व हुने विषय संस्थागत भएको हो ।

नेपालमा मिश्रित निर्वाचन प्रणालीअन्तर्गत समानुपातिक निर्वाचन प्रणाली लागु गरिएको कारण पहिलो र दोस्रो संविधानसभा निर्वाचनमा क्रमशः ५० र ४० जना संविधानसभा सदस्य निर्वाचित भएका थिए तर प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित सङ्ख्या न्यून (पहिलो संविधान सभामा ७ जना र दोस्रोमा २ जना) थियो । यद्यपि, अन्तरिम संविधान २०६३ मा उल्लेखित समानुपातिक समावेशिताको सिद्धान्तअनुसार ८३ जनाभन्दा बढी संविधानसभा सदस्यहरू निर्वाचित हुनुपर्ने थियो तर त्यो सङ्ख्यामा दलितको प्रतिनिधित्व हुन सकेन ।

यसैगरी, निर्वाचनसम्बन्धी प्रचलित ऐन कानूनमा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत सङ्घ तथा प्रदेशमा दलितको जनसङ्ख्याको आधारमा राजनैतिक प्रतिनिधित्व गर्ने व्यवस्था गरिएको छ । तर सम्बन्धित सरकारी निकायका जिम्मेवार व्यक्तिहरू र राजनैतिक दल तथा दलका जिम्मेवार व्यक्तिहरूको गैरजिम्मेवारीपूर्ण

कार्यको कारण दलित समुदायको हाल कायम रहेको १३.८ प्रतिशत जनसङ्ख्याको आधारमा दलित समुदायको राजनैतिक प्रतिनिधित्व हुन सकेको छैन ।

२५ सदस्यीय सङ्घीय मन्त्रिमण्डलमा दलित समुदायबाट एक जनाको मात्र प्रतिनिधित्व रहेको छ । लामो समयसम्म प्रदेशको मन्त्रिमण्डलमा दलित समुदायको प्रतिनिधित्व हुन सकेको थिएन ।

केही समय अगाडिमात्रै प्रदेश नं. १ को मन्त्रिमण्डलमा दलित समुदायबाट १ जना राज्यमन्त्रीमा समावेश गरिएको छ । जो समग्र प्रदेशको मन्त्रिमण्डल संख्याको शून्य बराबर जस्तै हो भन्दा अत्युक्ति नहोला । यसकारण संविधानमा उल्लेखित समानुपातिक समावेशी सिद्धान्तको प्रभावकारी कार्यान्वयन हुन सकेन र दलित समुदायको आकाङ्क्षामाथि तुषारापात भएको छ ।

हाल निर्धारण गरिएको जम्मा २७५ सदस्यीय प्रतिनिधि सभामा १३.८ प्रतिशतका आधारमा जम्मा ३८ जना दलित समुदायबाट प्रतिनिधित्व हुनुपर्दछ । तर दलित समुदायबाट पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत ३ जना र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत १६ जना गरी जम्मा १९ जना निर्वाचित भएका छन् । जो दलितको जनसङ्ख्याको आधारमा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने कुल सङ्ख्यामा करिब ५० प्रतिशतले कम हो ।

यस्तो अवस्थाले संविधानमा उल्लेखित समानुपातिक समावेशी सिद्धान्तको बर्खिलाप भई संवैधानिक सर्वोच्चतामाथि गम्भीर प्रश्न खडा भएको छ । प्रत्यक्ष निर्वाचनको नाममा ६० प्रतिशत राजनैतिक हिस्सा राजनैतिक दलका केही पहुँचवाला व्यक्तिहरूले हडपेको छर्लङ्ग देख्न सकिन्छ । संविधानको समानुपातिक समावेशिताको मर्मलाई राज्यले पूरा नगरेको अवस्था छ ।

तसर्थ, संविधानले नै किटान गरेको दलित समुदायलगायत अन्य उत्पीडित वर्ग समुदायको जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र आरक्षण गरिनु जरूरी छ । त्यसैले, निर्वाचन क्षेत्र आरक्षण तथा कानुनी व्यवस्था गरी प्रत्यक्ष निर्वाचनतर्फ पनि दलित समुदायको १३.८ राजनैतिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ ।

प्रदेश सभा तथा स्थानीय तहमा पनि दलित समुदायको संविधानको भावनाअनुसार राजनैतिक प्रतिनिधित्व भएको देखिँदैन । सातवटै प्रदेशको जम्मा ५५० (प्रत्यक्ष ३३० जना र समानुपातिकतर्फ २२० जना) प्रदेश सभा सदस्यमा दलित समुदायको तर्फबाट जम्मा ७६ जना सदस्य निर्वाचित हुनुपर्नेमा जम्मा ३३ जनामात्र

सदस्यहरू निर्वाचित भएका छन् । दलित समुदायप्रति राज्यले गरेको राजनैतिक बेइमानीको परिणामस्वरूप संविधानमा व्यवस्था हुँदाहुँदै पनि ठूलो सङ्ख्यामा दलित समुदायहरू राजनैतिक बहिष्करणमा पारिएका छन् । यसका साथै, सावँवटै प्रदेश मन्त्रिमण्डलमा दलितको सहभागिता चिन्ताजनक रहेको छ । यो स्थिति आफैमा संविधानको विरूद्धमा छ ।

सातवटै प्रदेशमा प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत जम्मा ४ जना सदस्यहरू निर्वाचित भएका छन् भने समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भएको २९ जनाको प्रतिनिधित्व केही हदसम्म संविधान सम्मत नै देखिन्छ । तर प्रत्यक्ष निर्वाचन तर्फको ठूलो राजनैतिक हिस्साबाट दलित समुदायलाई बहिष्करणमा पारिएको छ । प्रत्यक्ष निर्वाचन प्रणालीमा निर्वाचन क्षेत्र आरक्षण गरी संविधानको समानुपातिक समावेशी सिद्धान्तअनुसार दलित समुदायको ७६ सिट सुरक्षित गरिनुपर्छ ।

त्यसैगरी, ७५३ वटा स्थानीय तहको निर्वाचनमा दलित महिलाको उल्लेख्य सहभागिता रहेको देखिए तापनि दलित महिलालाई सीमित सिट र कोटामा मात्र बाँधेर ठूलो राजनैतिक चलखेल गरिएको छ । संविधानको भावनाअनुसार समानुपातिक समावेशी सिद्धान्तअनुसार स्थानीय तहका हरेक तह र पदहरूमा दलित सुमदायको अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्छ । स्थानीय तहका ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी जम्मा ७५३ स्थानीय तहमा दलित समुदायको प्रतिनिधित्व १३.८ प्रतिशतले सुनिश्चित गरिनु पर्दछ । त्यसैगरी, सविधानमा स्थानीय कार्यपालिकासम्बन्धी भएको प्रावधानअनुसार निर्वाचनमा दलित तथा अल्पसङ्ख्यक समुदायबाट अनिवार्यरूपमा सहभागी हुनुपर्ने व्यवस्था रहेको छ ।

त्यसैले, तीन तहअन्तर्गत रहेका जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाका कार्यपालिकामा दलित समुदायको प्रतिनिधित्व समानुपातिक समावेशी आधारमा हुनु पर्दछ । हालको तथ्याङ्कअनुसार संवैधानिक प्रावधान नै खलल हुनेगरी स्थानीय तहको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था नराखी हचुवा तथा अवैज्ञानिक ढङ्गले देखाउनको लागि मात्र वडा दलित महिला सदस्यको व्यवस्था अनिवार्य गरिएको छ । कालान्तरमा यस व्यवस्थाले दलित समुदायलाई गम्भीर असर पार्ने देखिन्छ ।

तसर्थ, समग्र दलित समुदायको प्रतिनिधित्व हुनेगरी स्थानीय तहका सबै राजनैतिक पदहरूमा १३.८ प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्दछ । वर्तमान

निर्वाचित प्रणाली तथा सम्बन्धित ऐन, नियमहरू संशोधन गरी राजनैतिक प्रतिनिधित्व कायम गरिनुपर्छ । स्थानीय तहमा बन्ने विभिन्न समितिहरूमा दलित समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरिनु पर्छ । यसका अलावा राज्यले गर्ने सबैप्रकारका राजनैतिक लगायत संवैधानिक निकायहरूमा गरिने नियुक्ति समेतमा दलित समुदायको प्रतिनिधित्व हुनुपर्छ ।

हालसम्म नेपालका विभिन्न संवैधानिक निकायहरूमा दलित समुदायको प्रतिनिधित्व हुनसकेको छैन । यो गलत अभ्यासलाई तोडनुपर्ने देखिन्छ । समग्रमा हेर्दा, संविधानले व्यवस्था गरेको समानुपातिक प्रतिनिधित्वको सिद्धान्तअनुसार राज्यका सबै तह, निकाय तथा निर्णायक पदहरूमा राजनैतिक प्रतिनिधित्व भएको छैन ।

अर्कोतिर, निर्वाचित दलित जनप्रतिनिधिहरूलाई राज्यले गर्ने व्यवहार सन्तोषजनक छैन । हाल प्रतिनिधित्व भएको क्षेत्र तथा तहहरूमा पनि गैरदलित जनप्रतिनिधिहरूले असयोग गर्ने तथा विभिन्न प्रकारका षड्यन्त्रहरू गरी कार्य सम्पादनमा प्रतिकूल असर पारिरहेको अवस्था छ । विशेषगरी स्थानीय दलित महिला वडा सदस्यहरूलाई सम्बन्धित वडा अध्यक्षहरूबाट नियम सङ्गत व्यवहार नगर्ने तथा दलित महिला वडा सदस्यरूको प्रतिनिधित्वलाई गौणरूपमा हेरिने गरिएको छ । वडामा हुने विभिन्न निर्णय प्रक्रिया, दलितमैत्री बजेट निर्माण, नीति, कार्यक्रम तथा योजना तर्जुमा लगायतका कार्यहरूमा दलित महिला जनप्रतिनिधिहरूलाई अनिवार्यरूपमा सहभागी गराएको पाइँदैन । यस्तो कार्यका विरूद्ध प्रश्न उठान गर्दा वडा अध्यक्ष, गाउँपालिका अध्यक्ष तथा नगरपालिका प्रमुखबाट दलित समुदायका जनप्रतिनिधिहरूप्रति असहिष्णु व्यवहार गरिने गरिएको छ । यस प्रकारको व्यवहार आफैमा सामन्ती मनोवृत्तिबाट उत्प्रेरित कार्य हो । दलित समुदायको राजनैतिक अस्तित्वलाई अस्वीकार गर्ने मनुवादी चिन्तन हो ।

तसर्थ, समग्र चुनौतीहरूलाई चिर्दै असल र निर्भिक ढङ्गले कार्य गर्दै अगाडि बढ्नको लागि दलित जनप्रतिनिधिहरूलाई सबै तह र तप्काबाट सहयोगको आवश्यकता छ । दलित जनप्रतिनिधिहरूलाई दलित हक अधिकारका विषयमा सुसूचित गर्दै हक अधिकारका सम्बन्धमा उल्लेखित संवैधानिक व्यवस्था, अन्तराष्ट्रिय व्यवस्था, प्रचलित ऐन/नियम तथा राज्य सञ्चालनको प्रशासनिक विधि, प्रक्रिया तथा अभ्यास लगायतका विषयहरूको ज्ञान तथा प्रयोगमा क्षमता अभिवृद्धि गराउँदै संविधानको प्रभावकारी कार्यान्वयन गर्ने गराउने शक्ति निर्माणको आवश्यकता छ । जसले गर्दा, राजनैतिक प्रतिनिधित्वबाट बहिष्करणमा पार्ने र निर्वाचित

प्रतिनिधिहरूको राजनैतिक अस्तित्वलाई सहज ढङ्गबाट स्वीकार नगर्ने घृणित सोच र मानसिकताका विरूद्ध निरन्तर लागिरहन दलित समुदायका जनप्रतिनिधहरूलाई मद्दत पुग्ने छ ।

## सुझाव

१. संविधानमा उल्लेखित समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यको सबै तहका सबै पद तथा संरचनाहरूमा दलित समुदायको १३.८ प्रतिशतले राजनैतिक प्रतिनिधित्व हुनुपर्ने ।

२. नेपालको वर्तमान निर्वाचन प्रणाली तथा निर्वाचनसम्बन्धी प्रचलित ऐन, नियम तथा निर्देशिकाहरू संविधानमा उल्लेखित समानुपातिक समावेशिताको सिद्धान्तलाई पूर्णरूपमा कार्यान्वयन हुनेगरी संशोधन गरिनुपर्दछ ।

३. हाल अभ्यासमा रहेको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत दलित समुदायको लागि निर्वाचनक्षेत्र आरक्षण गरी दलित समुदायको बीचमा मात्र प्रतिस्पर्धा गर्ने वा पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु गर्ने गरी निर्वाचनसम्बन्धी विद्यमान ऐन, कानून, नियम तथा निर्देशिकाहरू संशोधन गरिनुपर्छ ।

४. स्थानीय तह निर्वाचनबाट पदपूर्ति हुन नसकेका दलित महिला वडा सदस्यहरूको रिक्त स्थानहरूमा परिपूरणको व्यवस्था गर्नुपर्ने ।

५. ऐन नियम तथा निर्देशिकामा उल्लेखित व्यवस्थाको परिरपालना नगर्ने सम्बन्धित सरकारी निकायका जिम्मेवार व्यक्तिहरूलाई कडा कानूनी कारबाहीको व्यवस्था गरिनुपर्छ ।

६. दलित समुदायको समावेशीकरणको सवालमा राजनैतिक दल तथा दलका जिम्मेवार व्यक्तिहरूलाई उत्तरदायी र जवाफदेही बनाउनु पर्दछ ।

७. दलित जनप्रतिनिधिहरूलाई दलित हक अधिकारका विषयमा सुसूचित गर्दै हक अधिकारका सम्बन्धमा उल्लेखित संवैधानिक व्यवस्था, अन्तराष्ट्रिय व्यवस्था, प्रचलित ऐन/नियम तथा राज्य सञ्चालनको प्रशासनिक विधि, प्रक्रिया तथा अभ्यास लगायतका विषयहरूको ज्ञान तथा प्रयोगमा क्षमता अभिवृद्धि गराउनु पर्दछ ।

# सन्दर्भ सामग्री

निर्वाचन आयोग । २०७४ । निर्वाचन समीक्षा : स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा, राष्ट्रिय सभा, राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन, २०७४ । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ः पहिलो हुने निर्वाचन हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको निर्वाचन परिणाम पुस्तक । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । प्रदेश सभा सदस्य निर्वाचन, २०७४ः निर्वाचन प्रणालीको निर्वाचन परिणाम पुस्तक (पहिलो हुने निर्वाचन हुने निर्वाचन प्रणाली र समानुपातिक) । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तकः प्रदेश नं. १ । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तकः प्रदेश नं. २ । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तकः प्रदेश नं. ३ । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तकः प्रदेश नं. ४ । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तकः प्रदेश नं. ५ । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तकः प्रदेश नं. ६ । काठमाण्डौः निर्वाचन आयोग ।

निर्वाचन आयोग । २०७४ । स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तकः प्रदेश नं. ७ । काठमाण्डौः निर्वाचन आयोग ।

नेपाली, गोपाल । २०७४ । अर्थपूर्ण प्रतिनिधित्वको सन्दर्भमाः स्थानीय सरकार र दलित महिला । रेमबहादुर ब.क. र शिवहरि ज्ञवाली सं. । काठमाण्डौः जागरण मिडिया सेन्टर ।

——— । २०७२ । नेपालको संविधान, २०७२ । काठमाण्डौः नेपाल कानुन आयोग ।

पासवान, भोला, हरिजन, रक्षाराम । २०७४ । मधेसी दलित र समावेशिताको सवाल । प्रस्तुतीः मार्टिन चौतारी, काठमाण्डौ ।

स्थानीय तह निर्वाचन, २०७४, नेपालमा स्थानीय सरकार (कानून, सिद्धान्त र व्यवहार) ।

Election Commission Nepal (ECN). House of Representatives and Provincial Assembly Election, 2017: Facts and Figures. Kathmandu: Election Commission Nepal.

# परिशिष्टः १

## राष्ट्रिय सभा, २०७४ मा दलित समुदायको उपस्थिति

| क्र.सं. | नाम | प्रदेश | पार्टी |
|---|---|---|---|
| १. | मा. खेमराज नेपाली | १ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २. | मा. राधेश्याम पासवान | २ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३. | मा. सिंग बहादुर विश्वकर्मा | बागमती | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४. | मा. खिम कुमार बि.क. | गण्डकी प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५. | मा. राम लखन हरिजन | लुम्बिनी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ६. | मा. नरपति लुवार | कर्णाली प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ७. | मा. चक्र प्रसाद स्नेही | सुदूरपश्चिम प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |

# परिशिष्टः २

## प्रदेश सभा, २०७४ मा दलित समुदायको उपस्थिति

### समानुपातिक निर्वाचनन प्रणालीबाट

| क्र.सं. | नाम | प्रदेश नं. | पार्टी |
|---|---|---|---|
| ५. | मा. कल्पना कुमारी सरदार | १ | नेपाली काँग्रेस |
| ६. | मा. जसमाया गजमेर (विश्वकर्मा) | १ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ७. | मा. उमिता विश्वकर्मा | १ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ८. | मा. प्रमिला देवी दास | २ | नेपाली काँग्रेस |
| ९. | मा. फुलिया देवी सदा | २ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १०. | मा. सुनिता देवी मोची | २ | संघीय समाजवादी फोरम नेपाल |
| ११. | मा. चमेली देवी दास | २ | संघीय समाजवादी फोरम नेपाल |
| १२. | मा. श्याम परि देवी | २ | नेपाली काँग्रेस |
| १३. | मा. रविन्द्र वैठा धोवी | २ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १४. | मा. कल्पना नेपाली | बागमती | नेपाली काँग्रेस |
| १५. | मा. मैना अछामी सार्की | बागमती | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १६. | मा. दोवाटे विश्वकर्मा | गण्डकी प्रदेश | नेपाली काँग्रेस |
| १७. | मा. लक्ष्मी सुनार | गण्डकी प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १८. | मा. जुनादेवी नेपाली | गण्डकी प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १९. | कोपिला बोहोरा | गण्डकी प्रदेश | नेपाली काँग्रेस |
| २०. | मा. शान्तिदेवी वर्मा स्वर्णकार | लुम्बिनी | नेपाली काँग्रेस |
| २१. | मा. रिना नेपाल बि.क. | लुम्बिनी | नेपाली काँग्रेस |
| २२. | मा. माला गोतामे सुनार | लुम्बिनी | नेपाली काँग्रेस |
| २३. | मा. आशा स्वर्णकार | लुम्बिनी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २४. | मा. कमला देवी बि.क. | लुम्बिनी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |

| | | | |
|---|---|---|---|
| २५. | मा. दीपा बि.क. | लुम्बिनी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २६. | मा. झोवा बि.क. | कर्णाली प्रदेश | नेपाली काँग्रेस |
| २७. | मा. राजु नेपाली | कर्णाली प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २८. | मा. सीता कुमारी नेपाली | कर्णाली प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २९. | मा. टेक बहादुर रैका | सुदूरपश्चिम प्रदेश | नेपाली काँग्रेस |
| ३०. | मा. उमा वादी | सुदूरपश्चिम प्रदेश | नेपाली काँग्रेस |
| ३१. | मा. दुर्गा बि.क. | सुदूरपश्चिम प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३२. | मा. अर्चना गहतराज | सुदूरपश्चिम प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३३. | मा. शान्ति नेपाली | सुदूरपश्चिम प्रदेश | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |